# लेखापरीक्षण प्रतिवेदन

# बिनयी त्रिवेणी गाउँपालिका, नवलपुर

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# बिनयी त्रिवेणी गाउँपालिका, नवलपुर

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/167

श्रीमान् अध्यक्षज्यू,
बिनयी त्रिवेणी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
नवलपरासी (बर्दघाट सुस्तापूर्व)।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/167

श्रीमान् अध्यक्षज्यू ,

बिनयी त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

दुम्कीबास, नवलपुर।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको लेखापरीक्षणबाट रु. ८३ लाख ४३ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. २६ लाख ७ हजार फस्योँट भई नियमित गर्नुपर्ने रु. ५७ लाख ३५ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. १३ करोड १८ लाख १ हजार मध्ये रु. ४ करोड ३६ लाख ८८ हजार फस्योँट भई यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. ९ करोड ३८ लाख ४९ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ।गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५५ | २३ | ८३,४३,२५२ | ० | १६ | २६,०७,३६४ | ० | ५५ | ७ | ५७,३५,८८८ | ० | ५७,३५,८८८ | ० | ० | ० | ५७,३५,८८८ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवलपरासी बर्दघाट सुस्ता पूर्व | १३,१८,०१,९७७ | | ४,३६,८८,६५८ | | | ५७,३५,८८८ | ९,३८,४९,२०७ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | | | प्रतिकृयाबाट सम्परीक्षण भएको | |
| १ | २०८१/८२ | | सामाजिक सुरक्षातर्फ | ३६,९५१ |
| २ | २०८१/८२ | | बीस प्रतिशत लागत सहभागिता | ४३,७९१ |
| ३ | २०८१/८२ | | पेस्की बाँकी | ३,७५,००० |
| ४ | २०८१/८२ | | ठेक्का नम्बर ०८१।८२–८ | २१,५१,६२२ |

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा | २६,०७,३६४ |
| | | | **गत विगतको सम्परीक्षण भएको** | |
| ५ | २०८०/८१ | | संघीय कार्यालय अनुदानः | १,१७,००० |
| ६ | २०८०/८१ | | झोलुङ्गे पुलको व्यवस्थापन खर्चः | ७,६८,४०२ |
| ७ | २०८०/८१ | | कार्यक्रम सञ्चालनः | ६,२२,००० |
| ८ | २०८०/८१ | | उपभोक्ता समितिबाट जटिल प्रकृतिको कार्यः | ५३,८१,३५१ |
| ९ | २०८०/८१ | | आय बक्यौताः | १२,००,००० |
| १० | २०७९/८० | | समपूरक अनुदान (प्रदेश) | १०,७५,५०० |
| ११ | २०७९/८० | | विद्युत जरिवाना भुक्तानी | १४,३९५ |
| १२ | २०७९/८० | | पेश्की बाँकी | १५,६०,३६३ |
| १३ | २०७९/८० | | आन्तरिक लेखापरीक्षणबाट नियमित गर्नुपर्ने बेरूजुः | ९,००,००० |
| १४ | २०७८/७९ | | विज्ञापनमा छुट/ सहुलियत नलिई थप व्ययभार पारेको | १,२९,१७३ |
| १५ | २०७८/७९ | | पेश्की व्यवस्थापनः | ९०,००० |
| १६ | २०७८/७९ | | औषधि खरिद | २९,६५,२९१ |
| १७ | २०७८/७९ | | आन्तरिक लेखापरीक्षण तर्फः | ४,९०,००० |
| १८ | २०७८/७९ | | अनुत्पादक तथा वितरणमुखी खर्च | ७,८१,१११ |
| १९ | २०७७/७८ | | सडक निर्माण कार्यः | ५०,०३,३६९ |
| २० | २०७७/७८ | | ठेक्का व्यवस्थापनः | १,४०,११,५२० |
| २१ | २०७६।७७ | | विभिन्न | ५८,६६,९१२ |
| २२ | २०७४।७५ | | कार्य सम्पन्न प्रतिवेदन पेश नभएको | २७,१२,२६९ |
| | | | जम्मा | ४,३६,८८,६५८ |
| कुल जम्मा | | | | ४,६२,९६,०२० |

# बिनयी त्रिवेणी गाउँपालिका, नवलपुर

# ( ८०४४६५०३३०० )

# विनयी त्रिवेणी गाउँपालिका , नवलपरासी बर्दघाट सुस्ता पूर्व

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** (क) स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल २८८.०६ वर्ग किलोमिटर तथा ३८ हजार ३७० जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।२ देखि २०८२।८।७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोज, राजस्व, धरौटी, अन्य कारोबार, आय-व्ययको गरी जम्मा रु.१,७२,५५,९४,३७१।४० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४,१४,७२८।४६ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | विवरण | रकम |
|---|---|---|
| १. | वित्तीय साक्षरता सहजकर्ता बढी तलब भुक्तानी | ४५८३८ |
| २. | पोषण कार्यक्रम बढी भुक्तानी | २००० |
| ३. | अशोक कुमार आले उपदान निकासा | ८०६७७.९६ |
| ४. | छात्रवृत्ति, पाठ्यपुस्तक लगायतका बढी निकासा | १४४२६२.५० |
| ५. | कार्यालय समयको बैठक भत्ता | १०३७०० |
| ६. | बढी दरको बैठक भत्ता | ३८२५० |
| | जम्मा | ४१४७२८.४६ |

२ **एकीकृत आय-व्यय**

पालिकाको आर्थिक वर्ष २०८१।८२ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

| प्राप्ति | | भुक्तानी | |
|---|---|---|---|
| **विवरण** | **रकम** | **विवरण** | **रकम** |
| सुरु मौज्दात | ५०७२३९७८ | चालु खर्च | ४००६१८५०९ |
| १.संचित कोष | ३००७४९२० | १. पालिका तर्फ | १३६५५७४४० |
| २.धरौटी | १५६८००५२ | २. संघीय सशर्त | २५८१६९०५६ |
| ३.कार्यसञ्चालन कोष | ३७९२७६५ | ३. संघीय विशेष | ३९०९९०२ |
| ४. अन्य कोष | ११७६२४१ | ४. प्रदेश सशर्त | - |
| यस वर्षको आय | | ५. प्रदेश विशेष | १९८२११२ |
| १.आन्तरिक आय | १४४७४०१४० | पुँजीगत खर्च | २३२८९२२३५ |
| २. वित्तीय हस्तान्तरण (संघ) | ५३०६२३१३७ | **१. पालिका तर्फ** | २०४२८५२२३ |
| क.समानिकरण अनुदान | १०६९००४०० | **२. संघीय सशर्त** | ५०८५४१८ |
| ख.राजश्व बाँडफाँट | १०६८९४०५१ | **३. संघीय विशेष** | ४५२१५९४ |
| ग.सशर्त अनुदान | २८५८४४७२९ | ४. संघीय समपुरक | १५०००००० |
| घ.समपुरक अनुदान | १५०००००० | ५. प्रदेश सशर्त | - |
| ङ.विशेष अनुदान | ८५००००० | ६. प्रदेश विशेष | - |
| च. रोयल्टी | ७४८३९५७ | ७. प्रदेश समपुरक | ४०००००० |
| छ.अन्य | - | अन्तर सरकारी अख्तियारी (संघ) | १६३३८७५९२ |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | ३१६८०३८७ | क. सामाजिक सुरक्षा | १५२८५४३७३ |
| क.समानिकरण अनुदान | १५६३१००० | ख.औद्योगिक पूर्वाधार विकास कार्यक्रम | ९२१५२१९ |
| ख.राजश्व बाँडफाँट | १००६६५३१ | ग.स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १३१८००० |
| ग.सशर्त अनुदान | - | अन्तर सरकारी अख्तियारी (प्रदेश) | - |
| घ.समपुरक अनुदान | ४०००००० | ऋण फिर्ता(साँवा) | - |
| ङ.विशेष अनुदान | १९८२८५६ | ऋणको ब्याज भुक्तानी | - |
| च. रोयल्टी | - | धरौटी फिर्ता तथा सदर स्याहा | ९४२३३३३ |
| छ.अन्य | - | कार्यसञ्चालन कोषबाट भएको खर्च | ३४९३२५७ |
| ४. **अन्तर सरकारी अख्तियारी (संघ)** | १६३३८७५९२ | अन्य कोषबाट भएको खर्च | ३१७८७१५ |
| क. सामाजिक सुरक्षा | १५२८५४३७३ | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | - |
| ख.औद्योगिक पूर्वाधार विकास कार्यक्रम | ९२१५२१९ | अन्य सहयोगमा सञ्चालित योजना | - |
| ग.स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १३१८००० | अन्य खर्च भएमा | - |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | - | अनुदान फिर्ता | |
| ६. ऋण/ **वित्तीय व्यवस्था** | - | १. संघ तर्फ | २२६५८७५९ |
| ७ . धरौटी आय | १४१३५९७० | क.शसर्त अनुदान | २२५९०२५५ |
| ८. **कार्यसञ्चालन कोष आय** | २०००००० | ख. विशेष अनुदान | ६८५०४ |
| ९. अन्य कोषको आय | २५८८००० | ग. समपुरक अनुदान | - |
| १०. **अन्य आय** | ७८६००२ | २. **प्रदेश तर्फ** | ७४४ |
| | | क.शसर्त अनुदान | - |
| | | ख. विशेष अनुदान | ७४४ |
| | | ग.समपुरक अनुदान | - |
| | | अन्तिम मौज्दात | १०५०१२०६२ |
| | | १. संचित कोषको मौज्दात | ८१२७२८३८ |
| | | २. धरौटी | २०३९२६९० |
| | | ३. कार्यसञ्चालनकोष | २२९९५०८ |
| | | ४. अन्यकोष | १०४७०२६ |
| **जम्मा** | **९४०६६५२०६** | **जम्मा** | **९४०६६५२०६** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण**

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१५,२८,५४,३७२।९९, - औद्योगिक पूर्वाधार विकास कार्यक्रमको रु.९२,१५,२१९।-, र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१३,१८,०००।- समेत गरी रु.१६,३३,८७,५९१।९९ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

## ४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन्:

**बजेट व्यवस्थापनतर्फ**

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको.
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको,
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका पूर्ण रुपमा पालना नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार पार्नुपर्ने देखिन्छ।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,
- नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको।

**खरिद व्यवस्थापन तर्फ**

- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको,
- सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना तयार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको पूर्ण कार्यान्वयन र अभिलेख राख्ने नगरेको,

**शिक्षातर्फ**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन,
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरू तयार नगरेको।

**विविधतर्फ**

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेस्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेस्की फर्स्योट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको।
- निजी स्वामित्वमा रहेको जगामा सामुदायिक भवन, पार्किङ स्थल, निर्माण/स्तरोन्नतिमा नियन्त्रण नगरेको।

  तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ

**५ आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले

यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

६ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३,२५,००,०००।– (दहत्तर बहत्तर बाहेक) प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.३,२३,२४,७६६।८७ अर्थात अनुमान भन्दा ०.५४ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

७ **कर शुल्क र असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २७००००० | २१४३६०८।४२ | ७९.३९ |
| घरजग्गा वहाल कर | २५००००० | २१७५६८३।७२ | ८७.०३ |
| व्यवसाय कर | १३०००००० | १३७५२२४० | १०५.७९ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

८ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१,३७,५२,२४०।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अद्यावधिक गरेको छन्। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

९ **बजेट पेस, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्षले मिति २०८१।३।१० मा रु.७२ करोड ५० लाख ३७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। समयमै अख्तियारी बजेट कार्यक्रम हुँदा समेत पुँजीगत बजेट ८५.१९ प्रतिशत मात्रै खर्च भएको अवस्था छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

१० **खरिद गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२३,२८,९२,२३४।५० पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले उक्त ऐन, नियम बमोजिम गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

## ११ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | २३२८९२२३४.५० | ८५१८३९९.०० | ३१८०७९३८.५० | ५२९३०२३१.०० | १३९६३५६६६.०० | ९५५४०१२४.०० |
| प्रतिशत | १००.०० | ३.६६ | १३.६६ | २२.७३ | ५९.९६ | ४१.०२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.२३,२८,९२,२३४।५० भएकोमा प्रथम त्रैमासिकमा रु. ८५,१८,३९९।- (३.६६ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३,१८,०७,९३८।५० (१३.६६ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.५,२९,३०,२३१।- (२२.७३ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१३,९६,३५,६६६।- (५९.९६ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.९,५५,४०,१२४।- (४१.०२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## १२ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल ३०१ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १०७ | ९ | ५४ | ४४ |
| २. | वडास्तरीय | १९४ | ० | २ | १९२ |
| | जम्मा | ३०१ | ९ | ५६ | २३६ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण

कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१३ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.सं. | क्षेत्र/ उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४४७५५०००.०० | ३५८२३०६४.०० | ५.७९ |
| २ | सामाजिक विकास | ३२७८१७७००.०० | २९६४१०५०८.०० | ४७.९२ |
| ३ | पूर्वाधार विकास | १८४१०७३००.०० | १५५४४६६११.५० | २५.१३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १६९६३०००.०० | १५७४९०००.०० | २.५५ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३६३९४०००.०० | ११५०८१५६०.२२ | १८.६१ |
| | कुल जम्मा | ७१००३७०००.०० | ६१८५१०७४३.७२ | १००.०० |

उपर्युक्त विवरण अनुसार पालिकाले गरेको कुल खर्चमध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४७.९२ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी २.५५ प्रतिशत रहेको छ।

१४ **गत वर्षको दायित्व भुक्तानी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ (२.क) मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकी रहेको अबस्थामा मात्र बजेट खर्च गर्न वा बजेट निकासा दिनु पर्ने व्यवस्था रहेको छ। यस पालिकाले गत वर्षको योजना/कार्यक्रमहरूको भुक्तानी दिन बाँकी रहेको जनाई भुक्तानी दिन बाँकीको विवरण पालिकाको निर्णय र आलेपबाट प्रमाणित गराई राखेर १७ वटा योजना तथा कार्यक्रमको यो वर्ष रु.७४,८३,३४५।- भुक्तानी दिएको छ र यस्ता योजना/कार्यक्रमहरू वहुवर्षिय पूर्वाधार निर्माणका योजना नभई अल्पकालिन टुक्रे योजना तथा चालु प्रकृतिका खर्च समेत रहेको पाईएको छ। यसरी यस वर्षको वजेटबाट विगत वर्षको भुक्तानी गर्दा चालु वर्षको कार्यक्रम सञ्चालनमा बजेट अभाव हुने र नियमित कार्य सञ्चालनमा समेत असर पर्ने देखिन्छ। कार्यालयले चालु वर्षमैं सम्पादन हुने र चालु वर्षको बजेटबाट भुक्तानी दिन सकिने योजना तथा कार्यक्रम मात्र तयार गर्नुपर्दछ साथै चालु वर्षका योजना तथा कार्यक्रम चालु वर्षको बजेट बाटै भुक्तानी गरेर आगामी वर्षको बजेटमा व्ययभार पर्नेगरी दायित्व सिर्जना गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ। केही उदाहरणः

| भौ.नं.।मिति | शीर्षक | योजना | रकम |
|---|---|---|---|
| ३०।२०८१।६।२० | चालु | रेडियो नेपाल प्रादेशिक प्रशारण कार्यालय पोखरा | २२६०० |
| ३२।२०८१।६।२० | चालु | मेडिया फो ग्यालेक्सी | २०००० |
| ३४।२०८१।६।२० | चालु | अल न्यूज नेटवर्क | २०००० |
| ३५।२०८१।६।२० | चालु | बसन्त गौतम | २६४०० |
| ४९।२०८१।६।२१ | चालु | मुक्ति दराई | ३२३१५ |
| ५०।२०८१।६।२१ | चालु | इन्टिग्रेटेड मेडिया ग्रुप | २०००० |
| ५५।२०८१।६।२१ | चालु | ढकाल भेटेरिनी लगायत ५ | ७६०४१ |
| ६१।२०८१।६।२२ | चालु | गणेश प्रसाद सापकोटा | ३००००० |
| १२९।२०८१।७।१४ | चालु | पोखरा टेलिभिजन मेडिया | २०००० |
| १४१।२०८१।८।४ | चालु | दान बहादुर आचार्य | ३६००० |
| १७८।२०८१।८।२० | चालु | भुसाल फार्म लगायत | १००८० |
| ७२५।२०८२।३।१३ | चालु | जीवन विज्ञान फाउण्डेसन | ६०००० |

## १५ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेस्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## १६ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिशर्पधि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा ०.८४ देखि ८०.११ प्रतिशतसम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ। यसबाट लागत कतिपय ठेक्कामा लागत अनुमानको हाराहारीमा सम्झौता हुने र कतिपयमा अत्यन्त न्युन रकममा सम्झौता हुने गरेको छ। लागत अनुमान यर्थाथपरक हुनुपर्दछ।

| सि नं | ठेक्का नं | काम को विवरण | निर्माण कर्ताको नाम | लागत अनुमान VAT र PS सहित | सम्झौता रकम VAT र PS सहित | फरक प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | 01/BTRM/SQ/Goods/2081-082 | राष्ट्रिय दैनिक पत्रिका (ए-ग्रेड) मा समाचार प्रकाशनका लागि सेवा खरिद | कावासोती मिडिया हाउस गण्डकी प्रदेश, नवलपरासी पूर्व, कावासोती, नेपाल | १५००००० | २९८४२१ | ८०.११ |
| २ | 07/BTRM//NCB/Works/2081-082 | वडा नम्बर २ को बिभिनाबाटो कालोपत्रे | हर हर गङ्गे निर्माण कम्पनी प्रा. लि. | ८७७९१५३ | ७७२०८९८ | १२.०५ |
| ३ | 08/BTRM//NCB/Works/2081-082 | कनिकेशल चुकाहा भैसेखोला बाटो स्तरोन्नति | रिड्स इन्जिनियरिङ निर्माण कम्पनी प्रा. लि. | १९५००००० | १६७९७५६२ | १३.८६ |
| ४ | 09/BTRM//NCB/Works/2081-082 | बगैचा आधारटोल सालघारी सडक स्तरोन्नति | हर हर गङ्गे निर्माण कम्पनी प्रा. लि. | ४९९६४८८ | ४५४५७३९ | ९.०२ |
| ५ | 10/BTRM//NCB/Works/2081-082 | भोलभिङ्याङ-बाहबिसे-चिडिया सडक, खुम्बरी सडक, गौरीझोक फुस्रे बाटो, ताल्तुङ बाटो, खाखरा बाटो, खाम्चा बाटो | महाबाई जगन्नाथ बिल्डर्स प्रा. लि. | ९१६६७६६ | ६६०८६२४ | २७.९१ |
| ६ | 11/BTRM//NCB/Works/2081-082 | प्रसैया साहुमरा शिवपुराधी केउलानी सडक स्तरोन्नति र प्रसैया टोल बाटो स्तरोन्नति | हर हर गङ्गे निर्माण कम्पनी प्रा. लि. | २९७६९६० | २७१४७२३ | ८.८१ |
| ७ | 12/BTRM//NCB/Works/2081-082 | वडा नम्बर ७ को बिभिन्न बाटो स्तरोन्नति | पैयु निर्माण तथा आपूर्तिकर्ता | ३२५१४६१ | ३००५६५० | ७.५६ |
| ८ | 13/BTRM//NCB/Works/2081-082 | पानी फिल्टर जडान सहित पोषण (तीन विद्यालयमा) सुधार गर्न विद्यालयहरूमा शौचालय, खाना र सरसफाइ योजनाहरूको निर्माण र मर्मत | राधे कृष्ण निर्माण सेवा रौतहट, नेपाल | ४२३१८८९ | ३४५९४४३ | १८.२५ |
| ९ | 14/BTRM//NCB/Works/2081-082 | वार्ड ५ भवन निर्माण, स्वास्थ्य-पोस्ट निर्माण तथा कभर निर्माण | राधे कृष्ण निर्माण सेवा रौतहट, नेपाल | १७००००० | १३७४६२० | १९.१४ |
| १० | 15/BTRM//NCB/Works/2081-082 | होड्सी गेट देखि | नुभा निर्माण प्रा. लि. KMC-32, पेप्सीकोला, काठमाडौं, नेपाल | ९९९७५०३ | ७२२४४१२ | २७.७४ |
| ११ | 19/BTRM//NCB/Works/2081-082 | वडा नम्बर २ को बिभिन्न बाटो स्तरोन्नति | हर हर गङ्गे निर्माण कम्पनी प्रा. लि. | ४०८७०४६ | ४०२८१०० | १.४४ |
| १२ | 20/BTRM//NCB/Works/2081-082 | कार्यालय हल व्यवस्थापन वार्ड नम्बर ३ | शुभा आर. के कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट प्रा. लि. | १६८७५७४ | १६३९७७० | २.८३ |
| १३ | 21/BTRM//NCB/Works/2081-082 | वडा नम्बर ७ को बिभिन्न बाटो स्तरोन्नति | नरसही ब्रदर्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स, सुस्ता नगरपालिका वार्ड नम्बर ४, नवलपरासी पश्चिम | ६३७३२६० | ६१९१५८५ | २.८५ |
| १४ | 22/BTRM//NCB/Works/2081-082 | घुम्बा घुम्ती सिसेनी बाटो स्तरोन्नति, बुद्धचोक देखी खहरे सम्मा बाटो स्तरोन्नति, चन्द्रमार्ग विजयमार्ग बाटो स्तरोन्नति | ए.डी.टी.एच. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. | ७४४९५५५ | ७१४२४५३ | ४.१२ |
| १५ | 23/BTRM//NCB/Works/2081-082 | बिनयी खोला ताटबन्ध जोगीकुटी खाण्डा | शुभा आर. के कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट प्रा. लि. | ३८२७९५७ | ३०४९२७५ | २०.३४ |
| १६ | 24/BTRM//NCB/Works/2081-082 | वडा नम्बर ४ को बिभिन्न बाटो स्तरोन्नति | हर हर गंगा कन्स्ट्रक्सन कम्पनी प्रा. लि. | ४९७१००७ | ४९२९१४९ | ०.८४ |

## १७ तलबी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत

स्वास्थ्य तर्फ २४. कर्मचारीको रु १ करोड ७१ लाख २४ हजार र पालिकाका चालुतर्फ ३३ कर्मचारीको रु २ करोड १० लाख ६ हजार गरी रु. ३ करोड ८१ लाख ८४ हजार खर्च लेखेको छ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

१८ **जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५७ जनाको पदपूर्ती भई १७ पद रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्न सक्ने देखिन्छ।

१९ **पदाधिकारी सुविधा**

गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरी सुविधा पाउने व्यवस्था गरेको छ। यस पालिकाले आर्थिक वर्ष २०८१।८२ मा ३६ जना पदाधिकारीहरूलाई पदाधिकारी सुविधामा रू.७९,९८,५००।-, पदाधिकारी बैठक भत्तामा रु.२५,९४,०००।– र पदाधिकारीको अनुगमन तथा दैनिक भ्रमण तथा भत्ता रू.१,१३,५०१।– समेत रु.१,०७,०६,००१।- खर्च लेखी भुक्तानी गरेको विवरण प्राप्त भएको छ। कानुन बमोजिमको रकम दोहोरो नपर्ने गरी भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ।

२० **अवकास कोष**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृतिभर, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि दरबन्दीमा कार्यारत कर्मचारीले खाईपाई आएको तलबको दश प्रतिशत कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्ने गरी एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थापना गरेको कोषको अवस्था निम्नानुसार छ।

| सुरु मौज्दात | यो बर्षको आम्दानी | यो बर्षको खर्च | अन्तिम मौज्दात |
|---|---|---|---|
| २८१२२१४ | २०००००० | ३४९३२५७ | १३१८९५७ |

पालिकाले कर्मचारीको तलबबाट १० प्रतिशत कट्टा गर्ने गरेको छैन भने पालिकाको तर्फबाट एकमुष्ट रु. २० लाख जम्मा गरेको छ। पालिकाले कोष संचालन सम्बन्धमा कार्यविधि समेत निर्माण नगरेकोले अवकाष कोष संचालन कार्यविधि निर्माण गरी रकम परिचालन तथा उपयोग गर्नुपर्दछ।

२१ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष विविध शीर्षकबाट रु.२० लाख ३३ हजार विविध शीर्षकमा खर्च गरेको छ। त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ। यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

२२ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।पालिकाले प्रतिफल अधिकतम नहुने र सो खर्च नगर्दा समेत कार्यसञ्चालनमा बाधाँ नपर्ने योजना तथा कार्यक्रममा कार्यविधि बेगर वितरणमुखी खर्च गरेको देखिन्छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ। कालान्तरमा यस्ता खर्चले पालिकालाई कार्यसञ्चालनमा समेत थप दायित्व सृजना गर्ने हुनाले वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ। यस्ता किसिमका विरणमुखि खर्चका केही उदाहरणहरू यस प्रकार छन्:

| गोभौ नं मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ४८ २०८१।६।११ | तिज दर खाने कार्यक्र | बेनी महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ४०००० |
| १४४ २०८१।८।६ | दशै सास्कृतिक कार्यक्रम | बिनयी सरस्वती यूवा क्लब | ५०००० |
| 259 2081.9.28 | गितार वितरण | दलसिंह दमै | १५००० |
| ३४९ २०८१।११।८ | सास्कृतिक कार्यक्रम | नवलपुर मिडिया एण्ड रिसर्च प्रा लि | १०००० |
| २५८ २०८१।९।२८ | जेष्ठ नागरिक दोसल्ला वितरण | न्यू ज्ञवाली विजय ट्रेडर्स | ६५५२० |
| ३९९ २०८१।१२।३ | तामाङ लोसार कार्यक्रम | टाशी छ्योइलिङ बौद्ध गुम्बा | ३०००० |
| ४१५ २०८१।१२।८ | छठ कार्यक्रम | नारायणी टोल विकास संस्था | २५००० |
| ४१४ २०८१।१२।७ | दुर्गा पुजा | श्री दुर्गा देवि मन्दिर व्यवस्थापन समिति | ३०००० |
| ८९९ २०८२।३।२५ | जेष्ठ नागरिक दोसल्ला वितरण | मदन भण्डारी स्मृती संस्था | २९७०० |
| ८९८ २०८२।३।२५ | तिज कार्यक्रम सहयोग | जन संगम युवा क्लब | ५०००० |
| ८३८ २०८२।३।२२ | पुर्णिमा मेला सञ्चालन सहयोग | डाँडँघरे मेला व्यवस्थापन तथा सास्कृती संरक्षण समिति | १००००० |
| ७९१ २०८२।३।२० | गोष्ठि सञ्चालन सहयोग | नेपाल रेडक्रस सोसाइटी कावासोति उप शाखा | २०००० |
| ७२३ २०८२।३।१२ | सम्मेलन सहयोग | नेपाल उत्पिडन जातीय मुक्त समाज | ३०००० |
| ६६६ २०८२।२।२९ | मगर एकता दिवश शुभकामना आदानप्रदान | नेपाल मगर संघ विनयी त्रिवेणी ३ र ४ संयुक्त वडा समिति | ५०००० |
| ५५५ २०८२।२।१ | दशै सास्कृतिक कार्यक्रम | नारायणी टोल विकास संस्था | २५००० |
| | | जम्मा | ५७०२२० |

२३ **स्थानीय तथ्याङ्क सङ्कलन, अभिलेख र स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

२४ **कानुन निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड सबनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। पालिकाले हालसम्म ५ वटा ऐन, ४ वटा नियमावली, ४४ कार्यविधि, ९ निर्देशका र २३ विधेयक लगायत ८५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

२५ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको ९ गरी कुल १३ विवाद दर्ता भएकोमा ९ वटा मात्र फस्र्यौट भई ४ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

२६ **सहकारी नियमन**

सहकारी ऐन २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४) सहकारी संस्थाहरूको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १८ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरूले एकिकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा सबै विवरण अद्याबधिक गर्न बाँकी देखियो। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

२७ **सहकारी अनुगमन**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र सञ्चालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरेको विवरण देहाय बमोजिम रहेको छः

| पालिकामा दर्ता भएका सहकारी संस्थाको संख्या | अनुगमन गरेका सहकारी संस्थाको संख्या | अनुगमनबाट देखिएका प्रमुख व्यहोराहरू |
|---|---|---|
| १८ | ६ | भाखा नाघेको ऋण कोषको व्यवस्था कम असुलीमा ताकेता कम भएको |

पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि तोकिए बमोजिम सहकारी संस्थाहरूको नियमित अनुगमन गरेको छैन। सहकारी सदस्यहरूको हित र बचत रकमको उचित परिचालनका लागि प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरूको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिनुपर्दछ।

२८ **सहकारी बचत तथा कर्जा सुरक्षण कोष**

सहकारी ऐन, २०७४ को परिच्छेद १७ दफा १०१ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सहकारी संस्थाहरूको सहभागितामा संस्था हरूले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जा सुरक्षण व्यवस्थाको लागि एक सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्नुपर्ने व्यावस्था रहेको छ। पालिकाभित्रका सहकारीहरूको सहभागितामा सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गरि नागरिकहरूको बचत र कर्जा प्रवाहलाई प्रभावकारी हुने गरि कार्य गरेको पाईएन। तसर्थ कानुनले निर्देशन गरेको व्यवस्था कार्यान्वियनमा ल्याउनुपर्दछ।

२९ **पेस्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न संस्थालाई दिएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म

फस्र्यौट नभई रु.२१,५१,६२२।- बाँकी रहेको देखिन्छ। उक्त पेस्की नियमानुसार फस्र्यौट गर्नुपर्दछ ।

| क्र.सं. | पेस्कीको विवरण | पेस्की लिने ब्यक्तीफर्म वा कम्पनीको नाम | म्याद ननाघेको |
|---|---|---|---|
| १ | कनिकेसाल चुकाहा भैसेखोला सम्म बाटो स्तरोन्नती | रिड्स इन्जिनियरिङ्ग कन्स्ट्रक्सन कम्पनी प्रा. लि. | १४७५८११ |
| २ | कनिकेसाल चुकाहा भैसेखोला सम्म बाटो स्तरोन्नती | रिड्स इन्जिनियरिङ्ग कन्स्ट्रक्सन कम्पनी प्रा. लि. | ६७५८११ |
| | | जम्मा | २१५१६२२ |

नोटः आर्थिक वर्षको अन्तसम्म बाँकी रहेको निम्नानुसार पेस्की आर्थिक वर्ष २०८२।८३ को देहायका भौचरबाट पेस्की फस्र्यौट गरेको हुँदा पेस्की कायम गरिएको छैन।

| भौ.नं. | पेश्की विवरण | पेश्की लिनेको नाम | फस्र्यौट रकम |
|---|---|---|---|
| १६३।२०८२।८।२६ | अन्य कार्यालय संचालन खर्च | चेतनशिल पाण्डे | ५००० |
| १५८।२०८२।८।२५ | पानी तथा बिजुली | नेपाल विद्युत प्रधिकरण त्रिवेणी | ६०००० |
| १४२।२०८२।८।१९ | नियमित बजार अनुगमन | लिलाधर चापागाई | ५०००० |
| १४१।२०८२।८।१९ | स्थानीय राजश्व मोडयुल सुत्रमा आर्थिक ऐन प्रविष्टीलगायत व्यवस्थापकिय खर्च | लिलाधर चापागाई | ७५००० |
| १४५।२०८२।८।१९ | वडा सचिवहरूलाई राजश्व संकलनको लागि राजश्व मोडयुलसम्बन्धी तालिम | लिलाधर चापागाई | ७५००० |
| | | जम्मा | २६५००० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **७५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| पेश्की | ० |
|---|---|

३० **ठेक्का नम्बर ०८१।८२–८**

३०.१ **पेस्की बाँकी -**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **२,१५१,६२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| पेश्की | ० |
|---|---|

३०.२ **कार्यसम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११०(४) मा स्वीकृत बोलपत्रको बोलपत्रदाताले खरिद सम्झौतामा उल्लिखित निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने र नियम १२० (१) अनुसार खरिद सम्झौताको म्याद थप गर्दा निर्धारित अवधिको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ। उक्त खरिद सम्झौतामा गाउँ कार्यपालिकाको निर्णयानुसार म्याद थप भई कार्य सम्पन्न गर्नुपर्ने अवधि २०८२। ९। ३० भएकोमा कार्यसम्पादन जमानतको अवधि २०८३।१०।३० हुनुपर्नेमा २०८३ माघ २ सम्म मात्रै रहेकाले कार्यसम्पादन जमानतको म्याद थप हुनुपर्दछ।

### ३१ गुम्बा घुम्ती सिसेनी बाटो स्तरोन्नति

ठेक्का नम्बर ०८१।८२–२२ गाउँसभाबाट स्वीकृत विभिन्न ६ वटा योजना प्याकेजिङ गरेर सडक कालोपत्रे गर्ने कार्यका लागि निर्माण व्यवसायी ए डि टि एच कन्स्ट्रक्शन एन्ड सप्लायर्स प्रा.लि.सँग भेरियशन स्वीकृति पश्चात संशोधित सम्झौता रकम ७४,९५,९१९। रही कार्य सम्पन्न भएकोमा सो सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्:

३१.१ **बीमा** – सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ मा बीस लाख रुपैयाभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बीमा गराउनुपर्ने व्यवस्था छ। शुरु सम्झौतामा बीमा बापत रु.१६,३०३। प्रोभिजनल सम आइटम कबोल अंक रहेकोमा भेरियशन आदेश स्वीकृत गर्दा बाीमा बापतको आईटम घटाई बीमा रकम शून्य गरिएको कार्य नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १६,३०३ |

३१.२ **ल्याब टेस्ट** – शुरु सम्झौतामा ल्याबट टेस्ट बापत प्रोभिजनल सममा रु.११,६४५। राखिएकोमा भेरियशन आदेश स्वीकृति पश्चात संशोधित सम्झौतामा ल्याब टेस्ट बापतको कार्य हटाईएको कार्य नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ११,६४५ |

### ३२ कृषि यान्त्रीकरण खरिद तथा जडान

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि,२०८१ मा छनोट भएका अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, सोको समयसारिणी एवं अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवं भुक्तानीको विधि उल्लेख गरी सम्बन्धित कार्यालयले अनुसूची ३ अनुसार अनुदानग्राहीसँग सम्झौता गर्नुपर्ने व्यवस्था छ। कार्यालयले कृषि यान्त्रिकरण खरिद तथा जडान कार्यक्रम अन्तर्गत पालिका एग्रो कन्सर्न प्रा.लि.बाट विभिन्न यान्त्रिक उपकरणहरू खरिद गरी गोश्वारा भौचर नम्बर १९–०८२।२।२० (संघीय सशर्त, पुँजिगत ) बाट रु.१०,००,०००। र गोश्वारा भौचर नम्बर १८४, मिति ०८२।२।२० ( गाउँपालिका पुँजिगत ) बाट रु.७,६०,०००। गरी रु.१७,६०,०००। बजेट खर्च लेखेको र विभिन्न २३ वटा व्यक्ति तथा फर्मलाई वितरण हस्तान्तरण गरेकोमा सम्बन्धित अनुदानग्राहीसँग कार्यविधिमा उल्लेख भए बमोजिम कबुलियत सम्झौता गरेको पाईएन। अनुदान रकमको सही सदुपयोगका लागि कार्यविधिमा उल्लेख भए बमोजिम कबुलियत सम्झौता गरी सो को प्रभावकारी अनुगमन हुनुपर्दछ।

### ३३ परामर्श सेवा

कार्यालयले यस बर्ष निम्न बमोजिम कार्यका लागि देहाय अनुसारका परामर्शदाताहरूबाट परामर्श सेवा खरिद गरी रु.४८,२५,१००। बजेट खर्च लेखेको छ। सो सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्:

| क्र.सं. | परामर्शदाताको नाम | कामको विवरण | लागत अनुमान | बजेट खर्च |
|---|---|---|---|---|
| १ | सेभ दि प्लानेट प्रा.लि. | खटिवास घारी वैरेनी जोड्ने पुलको डिपिआर | १३८७२०० | १३७५५४९ |
| २ | खैरा इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | पालिकाको प्रशासकीय भवनको डिपिआर तयारी | १९९८९५१ | १९७९१९५ |
| ३ | कम्प्लेक्स स्टडी एन्ड रिसर्च सेन्टर प्रा.लि. | विनयी तथा खहरे खोलाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी | ९९६४४५ | ९७९०३२ |
| ४ | सेस्मिक रेजिलियन्ट स्ट्रक्चरल सोलुसन प्रा.लि. | नदीजन्य पदार्थको उत्खननका लागि प्राविधिक प्रतिवेदन तयारी | ४९८००९ | ४९१३२४ |
| | | | जम्मा | ४८२५१०० |

**क) प्राविधिक मूल्यांकन** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७६(१) मा प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा मूल्यांकन समितिका प्रत्येक सदस्यले छुट्टाछुट्टै रुपमा नियम ७१ को उपनियम (६) मा उल्लिखित आधार बमोजिम मूल्यांकन गरी प्रस्तावदाताले प्राप्त गरेको अंक यकिन गर्नुपर्ने उल्लेख छ। कार्यालयले संक्षिप्त सूची तयार गरी आशयपत्रदाताहरूबाट आर्थिक तथा प्राविधिक प्रस्ताव

माग गरी निजहरूको प्राविधिक मूल्यांकन गर्दा मूल्यांकन समितिका प्रत्येक सदस्यले छुट्टाछुट्टै रुपमा मूल्यांकन नगरी सबै सदस्यले एकै पानामा मूल्यांकन गरेको पाईयो। नियममा भएको व्यवस्था बमोजिम प्राविधिक मूल्यांकन गर्ने व्यवस्थाको पालना हुनुपर्दछ।

ख) **प्रतिवेदनको कार्यान्वयन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, मितव्ययितता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। परामर्शदाताबाट प्राप्त डिपिआर तथा आइई प्रतिवेदनबाट प्राप्त आयोजनाहरूको लागत अनुमान निम्न बमोजिम रहेकोमा हालसम्म प्रतिवेदनको कार्यान्वयन स्थिति देहाय अनुसार रहेको छ। प्राप्त प्रतिवेदनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कारवाही अगाडि बढाउनुपर्दछ।

| क्र.सं. | परामर्शदाताको नाम | कामको विवरण | आयोजनाकोलागत अनुमान | प्रतिवेदनको कार्यान्वयन स्थिति |
|---|---|---|---|---|
| १ | सेभ दि प्लानेट प्रा.लि. | खटिवास घारी वैरेनी जोड्ने पुलको डिपिआर | ६९८६९०८५ | गण्डकी प्रदेश सरकारबाट उक्त योजनाका लागि बजेट विनियोजन भएको। |
| २ | खैरा इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | पालिकाको प्रशासकीय भवनको डिपिआर तयारी | १४१८५३०९२ | बोलपत्र आव्हान भएकोमा हाल मूल्याङ्कन प्रक्रिया भइरहेको |
| ३ | कम्प्लेक्स स्टडी एन्ड रिसर्च सेन्टर प्रा.लि. | विनयी तथा खहरे खोलाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी | | आंशिक कार्यान्वयन भएको |
| ४ | सेस्मिक रेजिलियन्ट स्ट्रक्चरल सोलुसन प्रा.लि. | नदीजन्य पदार्थको उत्खननका लागि प्राविधिक प्रतिवेदन तयारी | | |

३४ **भेरियशन**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएशन आदेश जारी गर्नुपर्ने भएमा उक्त नियमावली बमोजिमको प्रक्रिया पूरा गरी जारी गर्नुपर्ने व्यवस्था छ। सोको उपनियम २ मा भेरियशन आदेश जारी गर्नु पर्दा निर्माण कार्यको ड्रइङ, डिजाइन तथा स्पेशिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा, भेरियशन परिमाणको प्राविधिक पुष्टयाई, ऐनको दफा ५क बमोजिम लागत अनुमानमा प्रभाव पर्ने भए सोको प्रतिशत र स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको कुराको विवरण खुलाउनु पर्ने व्यवस्था छ। यस कार्यालयले विभिन्न योजनाहरूमा पर्याप्त प्राविधिक पुष्टयाई बेगर स्थानीयबासीको माग एवं दबाबका आधारमा गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गराई निम्न बमोजिम भेरियशन आदेश स्वीकृत गरेको छ। जसले गर्दा स्वीकृत लागत अनुमान तथा डिपिआर प्रतिवेदनको यथार्थता प्रभावकारी भएको देखिएन।

| क.सं. | योजनाको नाम | सुरु लागत अनुमान | परिवर्तित लागत अनुमान | सुर लागत अनुमान अनुसार भेरियसन प्रतिशत | सुरु कबोल गरी सम्झौता भएको रकम | हाल परिवर्तित सम्झौता भएको रकम | सम्झौता अनुसार भेरियसन प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | २२।BTRM/NCB/Works २०८१।८२ गुम्बा घुम्टी सिसेनी बाटो स्तरोन्नति, बुद्धचोकदेखि खरानेसम्म बाटो स्तरोन्नति चन्द्रमार्ग विजयमार्ग बाटो स्तरोनन्ति | ६३४६५५५.०५ | ६७९०४०३.९६ | ६.९९ | ६२७३८९८.१० | ६६३३५५७२.०० | ५.७३ |
| २ | १५।BTRM/NCB/Works/२०८१।८२ होंग्सी गेटदेखि राजमार्गसम्म पहुँच मार्ग सडक वडा नं. ४ | ८७९६२१७.८७ | १०९४१६४७.२५ | २४.३९ | ६३४२१५४.७३ | ७९०५७०१.८० | २४.६५ |
| ३ | २३/ BTRM/NCB/Works/२०८१।८२ विनयीखोला तटबन्ध जोगीकुटी खण्ड | ३८२७९५६.९१ | ३८२७७०५.२८ | -०.०६ | ३०४९२७४.७१ | ३०४९२०२.४२ | -०.०७ |
| ४ | ०७/ BTRM/NCB/Works/२०८१।८२ वडा नं. २ विभिन्न बाटो कालोपत्रे | ७७०६१२०.३३ | ८१३६२२७.०० | ५.५८ | ६७६९६१२.०० | ७१५९२७२.४० | ५.७६ |
| ५ | १०/BTRM//NCB/Works/2081-082 भोर्लाभिञ्याङ-बाहबिसे-चिडिया सडक, खुम्बरी सडक, गौरीझोक फुस्रे बाटो, ताल्तुङ बाटो, खाखरा बाटो, खाम्चा बाटो | ७८९६१८७.२२ | ७१४४४०८.२७ | -९.५२ | ५८१२७६०.८२ | ५४२०८६३.७८ | -६.७४ |
| ६ | १९/ BTRM//NCB/Works/2081-082 वडा नम्बर २ को बिभिन्न बाटो स्तरोन्नति | ३५७००९०.४६ | ३३०५४५२.८२ | -७.४१ | ३५४१३०८.३० | ३२८२४८७.७१ | -७.३१ |
| ७ | 14/BTRM//NCB/Works/2081-082 वार्ड ५ भवन निर्माण, स्वास्थ्य-पोस्ट निर्माण तथा कभर निर्माण | १४५७९१२.३२ | १६३८९८०.०० | १२.४२ | १२०७४०८.५० | १४०३२९३७९.०० | १६.२२ |
| ८ | १३/BTRM//NCB/Works/2081-082 पानी फिल्टर जडान सहित पोषण (तीन विद्यालयमा) सुधार गर्न विद्यालयहरूमा शौचालय, खाना र सरसफाइ योजनाहरूको निर्माण र मर्मत | ३७२४७८४.६७ | ४४२११२१.८२ | १८.६९ | ३०४१२३३.०० | ३७१६११९५७.०० | २२.१९ |
| ९ | १२/BTRM//NCB/Works/2081-082 वडा नम्बर ७ को बिभिन्न बाटो स्तरोन्नति | २८५७७९९.१२ | २८६०९१७.७१ | ०.११ | २६४०२६७.५० | २५८६४८८.८५ | -२.०४ |
| १० | ०८/BTRM//NCB/Works/2081-082 कनिकेशल चुकाहा भैसेखोला बाटो स्तरोन्नति | १६८१६६२३.८४ | १७३३६४२१.९२ | ३.०९ | १४७५८१०७.०० | १५१७५४४७.५० | २.८३ |
| ११ | २०/BTRM//NCB/Works/2081-082 कार्यालय हल व्यवस्थापन वार्ड नम्बर ३ | १४४२६०२.४० | १३५५१५२.३१ | -६.०६ | १४३८५९६.४० | १३७०३२९.६४ | -४.७५ |

३५ **त्रुटी सच्याउनुपर्ने**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५ (१क) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भइसकेपछि सम्झौता बमोजिम निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको यकिन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था छ। ठेक्का नम्बर ०२।०८०।८१ को दुम्कीबास हुँदै डाँडाजोर सर्दी देउराली हुँदै पाल्पा जाने बाटो स्तरोन्नति कार्यका लागि प्रदिप प्रतिभा जे.भी.सँग सम्झौता भई २०८१।१०।२१ मा रु.१०,७८,८६,१९१। को कार्यसम्पन्न भई हाल त्रुटी सच्याउने दायित्वको अवधिमा रहेकोमा लेखापरीक्षणका क्रममा उक्त सडकको स्थलगत अवलोकन गर्दा सडकका विभिन्न स्थानका कालोपत्रे सडकमा खाल्डा खुल्डी परेको देखियो। कार्यालयले उक्त खरिद सम्झौता बमोजिम भएका कार्यहरूको त्रुटी सच्याउनु पर्ने आईटम र परिमाण यकिन गरी निर्माण व्यवसायीमार्फत कार्य गराई सम्झौताको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।



३६ **सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु. १० लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने, नियम ८४ मा रु. २० लाख सम्म लागत अनुमान भएको मालसामान तथा निर्माण कार्य सिलबन्दी दरभाउपत्रमार्फत खरिद गर्नुपर्ने र नियम ३१ मा रु.२० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्र मार्फत खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले खरिद योजना तथा एकै प्रकृतिको सामग्रीको प्याकेज नबनाई पटक-पटक गरी खरिद गरेको देखिन्छ। यसबाट खरिद पक्रियामा प्रतिस्पर्धा एवं पारदर्शिता सीमित हुन जान्छ। पालिकाले स्टेशनरी

खरिद, छपाई लगायतका एकै प्रकृतिका सामग्रीहरूको प्याकेज तयार गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा प्रतिष्पर्धा सीमित हुने गरि सोझै खरिदकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

३७ **पुँजीगत शीर्षकबाट चालु खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ। पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने, कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसार पालिका र वडा कार्यालय मार्फत पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने र बितरणमुखी प्रकृतिका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट खर्च गरी भुक्तानी दिएको पाईयो। उदाहरणको लागि पालिका पुजीगत खर्च शिर्षक अन्तरगतका केही करोवारलाई परीक्षण गरी हेर्दा निम्नानुसार देखियो। यस प्रकारको खर्चमा नियन्त्रण हुनुपर्दछ।

| गो भौ मिति | खर्चभएको | भुक्तानीपाउने | भुक्तानीरकम |
|---|---|---|---|
| २३४ २०८२।३।१ | स्वच्छ दुध उत्पादन सम्बन्धी अभिमुखिकरण कार्यक्रम | बसन्त गौतम | २६१०० |
| २३३ २०८२।३।१ | आकस्मिक रोग नियन्त्रण कार्यक्रम | मिरर भेट फर्मा | ५२४४३५ |
| ३४५ २०८२।३।१९ | आकस्मिक रोग नियन्त्रण कार्यक्रम पारीश्रमिक भुक्तानी | | ६८३७० |
| 172 2082.2.9 | भेटेरेनरी औषधि खरिद | कौशल भेट फर्मा | ५९६९०७ |
| १९४ २०८२।२।२३ | विउ वेर्ना खरिद वितरण | हरि एग्रोभेट | ६९८५४० |
| ४३ २०८१।११।४ | गाई भैसि आहार खरिद | एग्रोभेट सेन्टर | ६४८१९३ |
| ३० २०८१।१०।३ | कुकुर बन्ध्याकरण | भ्याली एनिमल क्लिनिक प्रा लि | ५००००० |
| २१ २०८१।८।२१ | जै घास खरिद | ढकाल भेटिनेरी सेन्टर | ७०४५३० |
| | | जम्मा | ३७६७०७५ |

३८ **उपभोक्ता समितिको अध्यक्षको बैङ्क खातामा रकम भुक्तानी**

उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि, २०७८ को परिच्छेद २२ मा उपभोक्ता समितिलाई सार्वजनिक निकायले आयोजनाको रकम भुक्तानी दिदाँ उपभोक्ता समितिको नाममा रहेको बैङ्क खाता मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले रु.१ लाख भन्दा कम बजेट भएका उपभोक्ता समितिबाट गरिएका योजनामा उपभोक्ता समितिका अध्यक्षको व्यक्तिगत बैङ्क खातामा रकम भुक्तानी गरेको देखिन्छ यसरी गरिएको भुक्तानी अनियमित भएको रु

| गो भौ मिति | विवरण | भुक्तानीप्राप्त गर्ने | रकम |
|---|---|---|---|
| ३६० २०८२।३।२१ | खोरखोला खापा मर्मत | बल बहादुर दमाई | ९९८१२ |
| ३७५ २०८२।३।२२ | कटिबासघारी खापा इनार निर्माण | पम्फा गैरे | ८७६१४ |
| ३२७ २०८२।३।१८ | कटिबासघारी राम मन्दिर बाट शिशिरको घर जाने बाटो ग्राभेल | मान बहादुर मगर | ४९६२९ |
| ३३५ २०८२।३।१९ | हात्तिबुढाउ रहित टोल खापा इनार | रोहित सुनार | ९०८७३ |
| ३२२ २०८२।३।१८ | तल्लो गठटाडी खापा व्यवस्थापन | सिर्जना थापा मगर गुरुङ्ग | ९४०६९ |
| २४५ २०८२।३।३ | धारापानी तल्लो कुलो मर्मत उ स | ओमकुमारी सारु | १००००० |
| २१५ २०८२।२।२४ | घुमाउरे बरबोट कट्टी सिचाई | दुर्गा बहादुर ढेङ्गा | ९९८६८ |
| २८४ २०८२।३।१२ | खुमबारी इनार निर्माण | राजेन्द्र खनाल | १००००० |
| २८३ २०८२।३।१२ | रुपाबोटे टोल इनार निर्माण | त्रिलोचन अर्याल | ९९२४५ |
| २८२ २०८२।३।१२ | दान बहादुर टोल इनार निर्माण | दान बहादुर आचार्य | १००००० |
| २८० २०८२।३।१२ | पहेल टाँडि बाटो ग्राभेल | भुपिन्द्र खाम्चा | १००००० |
| २७९ २०८२।३।१२ | डोडेटोल खन्गाहाको घर देखि बम बहादुरको घर सम्म बाटो मर्मत | चेत बहादुर खाम्चा | ४७४९७ |
| २७७ २०८२।३।१२ | दर्लामी कुलो मर्मत उ स | ज्ञान बहादुर दर्लामी | ९२१३८ |
| २९१ २०८२।३।१२ | हिरौटे राना टोल इनार निर्माण | सरस्वती सारु मगर | ८०९५५ |
| २९० २०८२।३।१२ | कटिबासघारी मिलटाडी खापा निर्माण | छविलाल चौधरी | ९५१६४ |
| १७४ २०८२।२।९ | कोटेघाट अधुरो पाईप खरिद | दरिमा घर्ती मगर | १००००० |
| | | | |

| | | | |
|---|---|---|---|
| १८६ २०८२।२।२१ | ब्याङसरा खापा पाईप | प्रेम बहादुर राना मगर | १००००० |
| | | जम्मा | १५३६८६४ |

| | |
|---|---|
| अनियमित भएको | १५,३६,८६४ |

३९ **जटिल प्रकृतिको कार्य उपभोक्ता समितिबाट गरिएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्य तथा रोजगारी सिर्जना हुने तथा निर्माणपश्चात उपभोक्ता समितीलाई हस्तान्तरण गर्ने सकिने प्रकृतीका कार्यहरू को जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले जटिल प्राविधिक पक्ष समावेश हुने डिप बोरिङ्ग संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत गराउने गरेको देखियो। अनुभवी र व्यवसायिक ज्ञान भएका निर्माण व्यवसायीबाट गराउनु पर्ने कार्य यसरी उपभोक्ता समितिबाट गराउँदा काममा गुणस्तर नहुने हुदा यस्तो कार्य नियमसम्मत देखिदैन। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् :

| गो भौ र मिति | विवरण | उपभोक्ता समिति | भुक्तानी रकम |
|---|---|---|---|
| १०५ २०८२।१।५ | डिप बोरिङ्ग | नारायणी गण्डकी साधारण तथा सस्कृत माध्यामिक विद्यालय | २८७८९३६ |
| २२६ २०८२।२।२७ | डिप बोरिङ्ग | उपल्लो ज्यामिरे टोल विकास संस्था(दुन्चेखोला) | १०००००० |
| | | जम्मा | ३८७८९३६ |

४० **हेभी ईक्युपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई पालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसका केही उदाहरणहरू यसप्रकार रहेका छन्।

| गो भौ नं | उपभोक्ता समिति | बिजक पेश गर्नेको विवरण | कुल काम (नापि) | हेभि ईक्युपमेण्टमा खर्च |
|---|---|---|---|---|
| ४०३ २०८२। ३।२५ | डाडा लाईन खानेपानी इनार निर्माण उ स | दृष्टी कन्स्ट्रक्सन एण्ड बालुवा गिट्टि प्रशोधन प्रा लि | ३२५६१ | ३३००२ |
| ३४० २०८२। ३।१९ | ढकाल गैरा पुरानो ढिकटोल बाटो स्तरउन्नती | सफल निर्माण सेवा एण्ड सप्लायर्स | १०६१९४७ | ४५४२६. |
| ३२९ २०८२। ३।१८ | त्रिवेणी बजार स्थित नाली मर्मत तथा निर्माण | शिव पार्वती निर्माण सेवा | ५३९७७६ | १८९२७५ |
| २६९ २०८२। ३।११ | चिडिया बाह्रबिशे खुमबारी लाटि फाँट चुकाहा देउराली लगाएत स्थानमा खानेपानी व्यवस्थापन उ स | लाहुरे कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ७५७५५२ | १७६४६३ |
| २४८ २०८२। ३।३ | सानो सिन्द्रे कृषक समूह | लाहुरे कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १८०८६७ | ३६००० |
| २२० २०८२। २।२४ | सिसेनी फुटबल खेलमैदान स्तरोन्नती उ स | सफल निर्माण सेवा एण्ड सप्लायर्स | २१०६८९ | १४०१२० |
| १५३ २०८२। १।३० | ढव्या कुडापानी अनिक्रम खुर्सानीखोला सुनही सडक मर्मत उ स | दाउन्नेदेवि आयल स्टोर्स | ६४६२५३ | २११६४३ |
| | | लाहुरे कन्स्ट्रक्सन एण्ड सप्लायर्स | | २१३५७० |
| | | गडसारी कन्स्ट्रक्सन प्रा लि | | १२८१४२ |
| १५२ २०८२। १।३० | कुडापानी अनिक्रम चन्दनटार सडक स्तरोन्नती | गडसारी कन्स्ट्रक्सन प्रा लि | ५३९७२४ | २८४०४८ |
| | | दाउन्नेदेवि आयल स्टोर्स | | १७९६६९ |
| ४०८ २०८२। ३।२५ | बिनयी खोला तटबन्धन खयरघारी खण्ड उ स(खन्ने काम) | पाल्पाली कन्स्ट्रक्सन प्रा लि | | ९२२०८० |
| २२१ २०८२। २।२४ | खेल मैदान मर्मत घुसेरी उ स | डाँडाजोर बालुवा प्रशोधन तथा निर्माण प्रा लि(खनेको सम्म्याएको) | ५५७४६ | ५०८५० |

४१ **उपभोक्ता समितिको कार्य तेस्रो पक्षबाट गराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ उपनियम १० मा उपभोक्ता समितीसंग सम्झौता भई तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन नपाइने उल्लेख रहेको छ। पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरू उपभोक्ता समिति आफैले नगरी निर्माण व्यवसायी मार्फत गराउने गरेको व्यहोरा खर्चका बिल भर्पाइहरूबाट देखिन आएको, पालिकाले जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता

समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायीबाट सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रतिस्पर्धा गराइ गर्नुपर्नेमा सो बमोजिम नभएकाले अनियमित भएको रु

| गोभौ नं | उस को विवरण | बिजक पेश गर्नेको विवरण | कुल काम (नापि) | निर्माण व्यवसायिको विल |
|---|---|---|---|---|
| ३९९ २०८२।३।२४ | मौलाटाडी माथिल्लो टोल बाटो ग्राभेल | बराल बालुवा प्रशोधन उद्योग | ९०६३७ | १०८३१० |
| ३६९ २०८२।३।२२ | वशिष्टको घरदेखि नागरिक सचेतना केन्द्र सम्म बाटो स्तरोन्नती(नारायणी टोल विकास संस्था) | आयंश सप्लायर्स | ४१७८४३ | ४३९४६८ |
| ३७४ २०८२।३।२२ | विनयी खोला तटबन्धन गोग्दी खण्ड | लाहुरे कन्स्ट्रक्सन एण्ड सप्लायर्स(जेसिवि) | १०९५२८२ | ९३३६०६ |
| १५४ २०८२।२।१ | कुडापानी अनिक्रम सडक स्तरोन्नती | दाउन्नेदेवि आयल स्टोर्स | १०८४३५ | १०८०७१ |
| ३६७ २०८२।३।२१ | भर्ताह भालु खोल्सी हुदै भित्रि बाटो स्तरउन्नती उ स(ग्राभेल गर्ने काम) | त्रिवेणी क्रसर उद्योग प्रा ली | ५८८८४३ | ५८८८४३ |
| | | जम्मा | २३०१०४० | २१७८२९८ |

| | |
|---|---|
| अनियमित भएको | २१,७८,२९८ |

४२ **अन्य निकायको खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वियन गर्ने कर्तव्य सम्वन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ।कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम तोकिएको कार्यमा मात्र बजेट खर्च गर्नुपर्ने र संघिय तथा प्रादेशिक निकायहरूको खर्च सोही निकायको लागि स्वीकृत बजेट तथा कार्यक्रम भित्र रहेर सम्वन्धित निकायहरूले खर्च गर्नुपर्ने प्रावधानहरू रहेका छन्। कार्यालयले देहाय बमोजिम अन्य निकायहरूको खर्च समेत यस कार्यालयबाट गरेको देखिदा स्थानिय संचित कोषमा थपभार पर्न गएकोले नियमसम्मत भन्न मिल्ने नदेखिएको रु.

| गो भौ मिति | विवरण | भुक्तानी प्राप्त गर्ने | भुक्तानी रकम |
|---|---|---|---|
| १०३ २०८१।७।११ | मौलो पुजा | नारायण प्रसाद अर्याल(प्रहरी चौकी दाउन्ने) | २०००० |
| १०४ २०८१।७।१२ | मौलो पुजा | निरन्जन खत्री (इ प्र कार्यालय दुम्किबास) | ३५००० |
| १०७ २०८१।७।१२ | मौलो पुजा | महेश रायमाझी (अस्थायी प्र चौकी सर्दी) | ३५००० |
| | | हिमलाल श्रेष्ठ (इ प्र त्रिवेणी) | २०००० |
| | | जम्मा | ११०००० |

| अनियमित भएको | १,१०,००० |
|---|---|

४३ **सीपमुलक तालिम**

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरूको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरू परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरूलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाले निम्नलिखित सीप विकास तथा क्षमता विकास तालिम संचालन गरी रु.८,९८,८०२।- भुक्तानी गरेकोमा के कति सामान वा वस्तुहरू उत्पादन भए र सो बिक्री भए वा भएन यकिन गर्न सकिएन। सो यकिन गरी ती वस्तु तथा सामानहरू बिक्री गरी राजस्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ।

| गो भौ र मिति | कार्यक्रम | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ३२९ २०८१।११।१७ | महिला लक्षित चप्पल बनाउने कार्यक्रम | लालिगुँरास ट्रेनिङ एण्ड सप्लायर्स प्रा लि | २०००२१ |
| ७७२ २०८२।३।१९ | एड्भान्स सिलाई कटाई तालिम | सुनिता गुरुङ्ग | २००००० |
| ५१६ २०८२।१।१६ | ७ नं वडा स्तरिय चप्पल बनाउने सिपमुलक तालिम | बर्दघाट टेक्निकल इन्टिच्युट प्रा लि | १९९५७३ |
| ४८० २०८१।१२।२९ | अगरबत्ती बनाउने तालिम | बर्दघाट टेक्निकल इन्टिच्युट प्रा लि | २९९२०८ |
| | | जम्मा | ८९८८०२ |

४४ **कृषि, पशु अनुदान**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट कृषितर्फ १६८० जना कृषक र ४ समूहको लागि रु.१ करोड ३० लाख ७७ हजार खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नुपर्ने र अनुदानको समुचित प्रयोगका सम्बन्धमा अनुगमन मूल्याङ्कन गर्नुपर्दछ।

| क्र.सं. | कार्यक्रम/ आयोजना/ क्रियाकलापको नाम | संख्या | खर्च रु हजारमा |
|---|---|---|---|
| १ | कृषि प्राविधिकहरूको क्षमता अभिबृद्धि तथा कृषि सामाग्री वितरण कार्यक्रम | ६ | १०० |
| २ | कृषि यान्त्रिकरण खरिद तथा जडान कार्यक्रम | २३ | १७६० |
| ३ | ५० प्रतिशत अनुदानमा किसान तपाइंलाई के चाहिन्छ कार्यक्रम | १८ | ५०७ |
| ४ | ७५ प्रतिशत अनुदानमा तरकारी बिउ वितरण (हिउँदे तथा वर्षे) | कृषि समूह, सहकारी र व्यवसायिक फर्म लाई | ८७५ |
| ५ | आकस्मिक बाली संरक्षण कार्यक्रम | ७० | २०० |
| ६ | फुल खेति प्रवर्धन कार्यक्रम | १२ | १९९ |
| ७ | IPM (तरकारी,खाद्यन्न तथा फलफुल) कार्यक्रम | २५ | २०० |
| ८ | आ.व. २०८१/०८२ मा नयाँ तरकारी पकेट विकास कार्यक्रम संचालन | ३५ | १०११ |
| ९ | ५० प्रतिशत अनुदानमा आलु बिउ वितरण | कृषि समूह, सहकारी र व्यवसायिक फर्म लाई | ६०० |
| १० | च्याउ खेति प्रवर्धन कार्यक्रम (५० प्रतिशत अनुदानमा) | कृषि समूह, सहकारी र व्यवसायिक फर्म लाई | ३८० |
| ११ | कृषि समुह निर्माण तथा व्यवस्थापन | ९ | ६२ |
| १२ | माटो सुधार कार्यक्रम | १२० | ३०० |
| १३ | व्यवसायिक किट प्रवर्धन कार्यक्रम | १० | ९९ |
| १४ | मागमा आधारित ७ वटै वडामा स्थलगत तालिम | १७५ | ३५० |
| १५ | केरा बाली संरक्षण/ व्यवस्थापन कार्यक्रम | ३० | १९२ |
| १६ | मसिना तथा बास्नादार धान प्रवर्धन कार्यक्रम | २५ | २१० |
| १७ | किसान सूचीकरण कार्यक्रम | २०८ | ६१ |
| १८ | साना सिंचाई पूर्वाधार निर्माण कार्यक्रम | ६ | ६२६ |
| १९ | साना सिचाइन कार्यक्रम ८५ प्रतिशत अनुदानमा | २२ | ३९३४ |
| २० | हिउँदे घासको विउ वितरण | ४८९ | ७०६ |
| २१ | बर्षे घासको विउ वितरण | ३९७ | ७०६ |
| | जम्मा | १६८० | १३०७७ |

४५ **न्यून विद्यार्थी संख्या भएका विद्यालय**

संघीय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या तराईमा सामान्यतया ५० हुनुपर्ने उल्लेख छ। साथै नियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरू उल्लेख गरेको छ। यस पालिका मातहतमा कुल ४२ सामुदायिक विद्यालय सञ्चालनमा रहेकोमा उक्त विद्यालयहरूलाई यस पालिकाबाट जम्मा रु.२३,८६,५९,७६७।- निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरणअनुसार निम्नानुसार १२ विद्यालयमा उपरोक्त कानूनले तोकेभन्दा न्यून संख्यामा विद्यार्थी संख्या रहेको बेहोरा देखिन आयो। पालिकाले सम्भाव्यताका आधारमा विद्यार्थी अनुपात मिल्ने गरी कार्यविधि अनुसार शिक्षकको दरबन्दी मिलान तथा विद्यालय एकीकरण तथा समायोजन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| क.सं. | विद्यालयको नाम र ठेगाना | शिक्षक दरबन्दी | संचालित कक्षा | विद्यार्थीको संख्या | शिक्षक संख्या | | यो वर्ष कुल निकासा रु |
|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | अस्थायी/करार/ज्यालादारी | |
| १ | दिपेन्द्र मा.वि.सर्दी | २२ | १-१२ | ६४२ | १७ | ७ | १७२८५६८९ |
| २ | भानुदय नमुना मा.वि.दुम्किबास | २४ | १-१२ | ९७३ | २० | १४ | ३०५७४६४४ |
| ३ | नारायणी गण्डकी सा.तथा.सं.मा.वि. | २० | १-१२ | ८८३ | १५ | ९ | १८८९२३७८ |
| ४ | भानुदय मा.वि.चुकाहा | १६ | १-१२ | ५६४ | ९ | ११ | ११७१५५३५ |
| ५ | मनकामना मा.वि.सुनटाँडी | ९ | १-१० | २५४ | ६ | ६ | ७८९०५४६ |
| ६ | मणिसंगम मा.वि.डाँडाजोर | ११ | १-१२ | ३०९ | ७ | ८ | ११२७९११९ |
| ७ | शिवपुरगढी मा.वि.शिवपुरगढी | १५ | १-१० | ४६६ | १० | ८ | १०९६८१५७ |
| ८ | भवानी मा.वि.कुडापानी | ९ | १-१० | ९३ | ५ | ७ | ७१०८०१७ |
| ९ | मुक्तिनाथ पिठ वेद विद्याश्रम | १ | ६-१० | ६६ | ० | ३ | ३४३४५६५ |
| १० | अहिसांवादी महाबौद्ध अनाथ आ.वि. | ३ | १-१० | १३० | १ | ३ | ५९००३०५ |
| ११ | सूर्यज्योती मा.वि.टाँडी | १२ | १-१० | ३२३ | ९ | ६ | ९०६२७७५ |
| १२ | जनता आ.वि.चुकाहा | ७ | १-८ | १४३ | ४ | ४ | ५९८७०४१ |
| १३ | शिशुकल्याण आ.वि.कुडिया | ७ | १-८ | २२१ | ४ | ४ | ५९८४०४५ |
| १४ | बतासचुली आ.वि.चिडिया | ८ | १-८ | १२५ | ६ | २ | ६१८३३८२ |
| १५ | मणिसिद्ध आ.वि.भर्ताह | ८ | १-८ | १४२ | ६ | ३ | ५३७६२२१ |
| १६ | राष्टिय आ.वि. रानीनगर | ११ | १-८ | २९९ | ९ | ४ | ७२७४१२४ |
| १७ | नेपाल आ.वि.प्रसैया | १० | १-८ | २३१ | ८ | ४ | ६७५३८३० |
| १८ | गौतम आ.वि.गोम्दी | ८ | १-८ | २१५ | ७ | ३ | ५४६६२३९ |
| १९ | भुल्केपानी आ.वि.सिसेनी | ७ | १-८ | १२३ | ७ | १ | ५१९७६३८ |
| २० | लक्ष्मी आ.वि.बगुवन | ७ | १-८ | १२० | ७ | २ | ५०२८३३७ |
| २१ | भवानी आ.वि.कुसुण्डे | ६ | १-८ | ९२ | ५ | २ | ४४८६२२ |
| २२ | जनक आ.वि.घुसेरी | ५ | १-८ | ७७ | २ | ३ | ३०८२९०२ |
| २३ | जनजागृती आ.वि.ज्यामिरे | ७ | १-८ | १३१ | ४ | ४ | ५३०१६७२ |
| २४ | जनकल्याण आ.वि.सुनही | ५ | १-८ | १३५ | ४ | २ | ४१९७८४९ |
| २५ | जनउज्वल आ.वि.खकरा | ४ | १-७ | ४६ | ३ | २ | ३३६१३४२ |
| २६ | नवदुर्गा आ.वि.केवलानी | २ | १-५ | ३४ | ० | २ | १७७४९७७ |
| २७ | सानोमणिसिद्ध आ.वि.शित्तलटाँडी | ३ | | ७६ | २ | १ | २८२०८४५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | १-५ | | | | |
| २८ | मदर्सा इस्लामिया इम्दादुल ओलुम | २ | १-५ | ५७ | १ | १ | २२८६०३८ |
| २९ | सिद्ध आ.वि.लाले | ३ | १-५ | ४२ | ३ | ० | ३४२००१२ |
| ३० | बेनीकल्याण आ.वि.कमलतालटाँडी | २ | १-५ | ५८ | २ | ० | २१४४३६० |
| ३१ | सरस्वती आ.वि.तल्लो ज्यामिरे | ३ | १-५ | ८६ | ३ | ० | ३०३४९९७ |
| ३२ | बालहित आ.वि.गौरीझोक | ३ | १-५ | ५० | ३ | ० | २२७८९१४ |
| ३३ | शंख आ.वि.चन्नटार | २ | १-५ | २५ | २ | ० | २१०८८०७ |
| ३४ | राष्ट्रिय आ.वि. अनिक्रम | २ | १-५ | २० | २ | ० | २११०२७३ |
| ३५ | जनप्रिय आ.वि.कोटेघाट | २ | १-५ | १६ | १ | १ | १५०९१८९ |
| ३६ | नमुना आ.वि.खुम्बारी | ३ | १-५ | ३६ | १ | २ | २१११०१६ |
| ३७ | वि पि आ.वि.धारादी | २ | १-५ | २२ | २ | ० | १६१२४५० |
| ३८ | सुर्योदय आ.वि.साहुमारा | ४ | १-५ | ९१ | ३ | १ | २१२७१४७ |
| ३९ | वालकल्याण आ.वि.हर्बले | १ | १-५ | १४ | ० | १ | ९९८२६१ |
| ४० | नवोदय आ.वि.सुनडाँडा | १ | १-५ | १० | १ | १ | ९१४४२० |
| ४१ | रत्नरानी कुवा आ.वि.घुम्ती | २ | १-५ | ० | १ | १ | १८५११०८ |
| ४२ | भृकुटी आ.वि.टुलोटँडी | २ | १-५ | ० | ० | ३ | १८०१९७९ |
| | जम्मा | २८१ | ० | ७४४० | २०२ | १३६ | २३८६५९७६७ |

## ४६ शिक्षक तथा विद्यार्थी अनुपात

शिक्षा नियमावली, २०५९ अनुसार सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र उपत्यका तथा तराई भेगमा ५०:१ रहने व्यवस्था छ। यस पालिका अन्तर्गत ४२ वटा विद्यालयमा २२१ जना शिक्षक दरबन्दी भएकोमा २०२ जना स्थायी र १३६ जना अस्थायी/राहत शिक्षक रहेको देखिन्छ।

| क्र.सं | विद्यालय | शिक्षक दरबन्दी | पदपूर्ति | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| | | | स्थायी | अस्थायी/राहत | |
| १ | ४२ विद्यालय | २२१ | २०२ | १३६ | १०२०७ |

उपर्युक्त शिक्षक दरबन्दी र पदपूर्ति एवम् विद्यार्थी सङ्ख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा ३०जना विद्यार्थीहरूलाई पठन पाठन गराउनु पर्ने देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची १ को जिल्ला वर्गीकरणमा नवलपरासी जिल्ला भित्री मधेस जिल्लाको सूचीमा रहेको छ। शिक्षा नियमावली, २०५९ ले तोके अनुसार पहाडी भेगमा सामुदायिक विद्यालयमा १ जना शिक्षकले ५० जना विद्यार्थीलाई पठन पाठन गराउनुपर्ने गरी शिक्षकको दरबन्दी कायम हुनुपर्नेमा यस पालिकामा १ जना शिक्षकले औषतमा ३० जना विद्यार्थीलाई मात्र पठन पाठन गराएको देखियो जुन शिक्षा नियमावलीले तोकेको अनुपात भन्दा कम रहेको छ। पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गर्नुपर्दछ।

## ४७ शैक्षिक गुणस्तर

पालिका अन्तर्गतका विद्यालयहरूको २०८१ को एस.ई.ई परीक्षामा ६३७ जना विद्यार्थी सहभागी भएकोमा नतिजाका आधारमा संस्थागत विद्यालय र सामुदायिक विद्यालयको अवस्था देहाय बमोजिम रहेको छ :

| क्र. सं. | जिपिए | जम्मा सम्मिलित विद्यार्थी संख्या | उत्तीर्ण विद्यार्थी संख्या | | उत्तीर्ण प्रतिशत | | जम्मा उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | |
| १ | ३.६१-४.०० | ६३७ | १४ | ९ | १२ | २ | ३.६० |
| २ | ३.२१ – ३.६० | | ४५ | ३१ | ३९ | ६ | ११.९० |
| ३ | २.८ – ३.२ | | ४२ | १२३ | ३६ | २४ | २५.९० |
| ४ | २.४ – २.८ | | ११ | १४८ | १० | २८ | २४.९६ |
| ५ | २.००-२.४ | | १ | ३७ | १ | ७ | ५.९६ |
| | जम्मा | | ११३ | ३४७ | ९७ | ६७ | ७२.३० |
| ६ | NG | | ३ | १७४ | ३ | ३३ | २७.७० |
| | कुल जम्मा | ६३७ | ११६ | ५२१ | १०० | १०० | १००.०० |

तालिका अनुसार सामुदायिक विद्यालयतर्फ ३.६१-४.०० जिपिए ल्याउने विद्यार्थी ९, ३.२१-३.६० जिपिए ल्याउने विद्यार्थी ३१, २.८०-३.२० जिपिए ल्याउने १२३, २.४-२.८जिपिए ल्याउने १४८ र २-२.४ जिपिए ल्याउने ३७ रहेका छन्। यसरी सामुदायिक विद्यालयबाट १७४ जनाले ननग्रेड भएका देखिन्छ। यसरी पालिकाले सामुदायीक विद्यालयको शौक्षिक क्रियाकलापमा वृद्धि गरी उत्तिर्ण प्रतिशत सुधार तथा गुण्स्तर वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

## ४८ निःशुल्क शिक्षा

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकासदेखि बाह्र कक्षासम्मका कुल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म, पाँचसयदेखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत कुल २१ संस्थागत विद्यालय सञ्चालनमा रहेको विवरण प्राप्त भएको छ। पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्बन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

## ४९ अङ्ग्रेजी भाषा पाठ्यपुस्तक

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.४.६.२ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरूका पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको दररेटको सूचीको आधारमा कक्षा १ देखि १२ सम्म निःशुल्क पाठ्यपुस्तक खरिद गरी वितरण गर्नुपर्ने उल्लेख छ। यो वर्ष संघीय सरकारले शिक्षातर्फ निःशुल्क पाठ्यपुस्तकका लागि रु.४६,५६,९६९।– अनुदान उपलब्ध गराएको पाइयो भने पालिकाको आन्तरिक स्रोतबाट (संघीय राजस्व बाँडफाँड समेत) यो वर्ष कक्षा नसर्री देखि कक्षा पाँचसम्म अङ्ग्रेजी भाषाका विषयहरू लागु गरी थप रु.१७,८२,७७८।- खर्च गरेको छ। नर्सरीदेखि कक्षा ५ सम्म अङ्ग्रेजी माध्यम पाठ्यपुस्तक अनुदान अन्तर्गत रु.२० लाख आन्तरिक स्रोतमा बजेट विनियोजन गरी ४२ विद्यालयको लागि नर्सरीदेखि कक्षा यूकेजीसम्म शतप्रतिशत र कक्षा १ देखि कक्षा ५ सम्मका विद्यार्थीका लागि पाठ्ययक्रम विकास केन्द्रले स्वीकृत गरेको दरभन्दा बढी मूल्यको पुस्तकलाई स्वीकृत मूल्यमा घटाई थप मूल्य पालिकाको स्रोतबाट थप गरी भुक्तानी गरेको पाइयो। लेखापरीक्षणमा क्रममा पेस भएका अङ्ग्रेजी भाषाका पुस्तकका बिलहरूको नमूना छनौट गरी परीक्षण गर्दा विद्यालयहरूले विभिन्न प्रकाशकबाट फरक फरक मूल्यमा खरिद गरी सोही मूल्यका आधारमा अनुदान उपलब्ध गराएकोमा पालिकाले यस सम्बन्धमा प्रष्ट मापदण्ड सहितको

कार्यविधि स्वीकृत गरेको पाइएन। स्वीकृत मापदण्ड र कार्यविधि बेगर कक्षा नर्सरी, एलकेजी, यूकेजी देखि कक्षा ५ सम्म सबै विद्यालयलाई विद्यालयले खरिद गरेको बिलको आधारमा निकासा गरेको नियमसम्मत नदेखिएकोले खर्च गर्ने स्पष्ट मापदण्ड सहितको प्रमाण संलग्न गरी नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १७,८२,७७८ |

## ५० सेनिटरी प्याड खरिद

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरूले छात्राहरूको संख्या एकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कसँग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरूका लागि कोटेशन मार्फत १९० मिति २०८२।१।२३ बाट सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरी कविर मेडिकल प्रा.लिबाट १६१२० प्याकेट सेनिटरी प्याड खरिद गरी रु.१४,४८,१४०।२० भुक्तानी गरेको छ । आर्थिक वर्षको अन्त्यमा २४ सामुदायिक विद्यालयहरूलाई प्याकेट प्याडहरू हस्तान्तरण गरेको विवरण पेस भएको छ । आर्थिक वर्षको सुरुमै खरिद गरी विद्यालयको मागको आधारमा वितरणको व्यवस्था मिलाउनुपर्नेमा अन्तमा खरिद गरेको पाइयो । पालिकाले अनुदान मार्फत वितरण गरेको सेनिटरी प्याड विद्यालयहरूमा आम्दानी बाँधेको प्रमाण, वास्तविक लाभग्राही (कक्षा ६-१२ सम्मका छात्राहरू) ले पाए नपाएको सम्बन्धमा अनुगमन गरी अनुगमन प्रतिवेदन तथा विद्यालयमा आम्दानी बाँधेको प्रमाण पेस गर्नुपर्दछ।

## ५१ आन्तरिक करार शिक्षक अनुदान

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ । पालिकाले संघीय र प्रदेश राजस्व बाँडफाँटबाट माध्यमिक विद्यालयका लागि मासिक रु.३२,०००।– र आधारभूत विद्यालयका लागि मासिक रु.१७,३००।– का दरले निम्नानुसार विद्यालयहरूलाई रु.९६,७४,८९९।- आन्तरिक स्रोतबाट करारमा राखिएको शिक्षक तथा कर्मचारीहरूको तलव भत्ता वापत बिभिन्न विद्यालयहरूलाई निकासा दिइ खर्च लेखेको छ । पालिकाले यस सम्बन्धमा प्रष्ट मापदण्ड सहितको कार्यविधि स्वीकृत गरेको पाइएन। यस प्रकारको सहयोग अनुदान विद्यार्थी चाप धेरै रहेका विद्यालयममा आन्तरिक स्रोतको समेत विचार गरी मापदण्ड र कार्यविधि बनाइ अनुदान उपलब्ध गराउनेतर्फ ध्यान दिनुपुर्दछ।

| सि नं | बिद्यालयको नाम | कक्षा | जम्मा विद्यार्थी संख्या | जम्मा शिक्षक संख्या | आन्तरिक स्रोत शिक्षक | पालिका स्रोतबाट अनुदान निकासा रकम |
|---|---|---|---|---|---|---|
| १ | दिपेन्द्र मा.वि.सर्दी | १-१२ | ६४२ | २३ | २ | ८७२६९० |
| २ | भानुदय नमुना मा.वि.दुम्किबास | १-१२ | ९७३ | ३३ | २ | ७५९००० |
| ३ | नारायणी गण्डकी सा.तथा.सं.मा.वि. | १-१२ | ८८३ | २३ | ४ | ८७३२९९ |
| ४ | भानुदय मा.वि.चुकाहा | १-१२ | ५६४ | २० | ४ | ८६३००० |
| ५ | मनकामना मा.वि.सुनटाँडी | १-१० | २५४ | १२ | २ | ४५१८६७ |
| ६ | मणिसंगम मा.वि.डाँडाजोर | १-१२ | ३०९ | १५ | १ | ४०५००० |
| ७ | शिवपुरगढी मा.वि.शिवपुरगढी | १-१० | ४६६ | १८ | १ | ३२०००० |
| ८ | भवानी मा.वि.कुडापानी | १-१० | ९३ | १२ | १ | ३८४००० |
| ९ | मुक्तिनाथ पिठ वेद विद्याश्रम | १-१० | ६६ | ३ | १ | ३९०००० |
| १० | अहिसांवादी महाबौद्ध अनाथ आ.वि. | १-१० | १३० | ४ | १ | ३८१००० |
| ११ | सूर्यज्योती मा.वि.टाँडी | १-१० | ३२३ | १५ | २ | ८०७६०० |
| १२ | शिशुकल्याण आ.वि.कुडिया | १-८ | २२१ | ८ | १ | २२४९०० |
| १३ | बतासचुली आ.वि.चिडिया | १-८ | १२५ | ८ | १ | ३००००० |
| १४ | मणिसिद्ध आ.वि.भर्ताह | १-८ | १४२ | ९ | १ | ४४९८० |
| १५ | राष्टिय आ.वि. रानीनगर | १-८ | २९९ | १३ | २ | ३१९९०० |
| १६ | नेपाल आ.वि.प्रसैया | १-८ | २३१ | १२ | २ | ४४५९०० |
| १७ | गौतम आ.वि.गोग्दी | १-८ | २१५ | १० | १ | २००१०३ |
| १८ | भुल्केपानी आ.वि.सिसेनी | १-८ | १२३ | ८ | १ | २१९७१० |
| १९ | लक्ष्मी आ.वि.बगुवन | १-८ | १२० | ९ | १ | १२११०० |
| २० | भवानी आ.वि.कुसुण्डे | १-८ | ९२ | ७ | १ | ७५५४३ |
| २१ | जनजागृती आ.वि.ज्यामिरे | १-८ | १३१ | ८ | १ | २०९९०७ |
| २२ | जनकल्याण आ.वि.सुनही | १-८ | १३५ | ६ | १ | २०७६०० |
| २३ | सानोमणिसिद्ध आ.वि.शित्तलटाँडी | १-५ | ७६ | ३ | १ | १०३८०० |
| २४ | बेनीकल्याण आ.वि.कमलतालटाँडी | १-५ | ५८ | २ | १ | २६४००० |
| २५ | नमुना आ.वि.खुम्बारी | १-५ | ३६ | ३ | १ | १००००० |
| २६ | नवोदय आ.वि.सुनडाँडा | १-५ | १० | २ | १ | ६६००० |
| २७ | भृकुटी आ.वि.ठुलोटाँडी | १-५ | ० | ३ | १ | २६४००० |
| | | | **जम्मा** | **२८९** | **३९** | **९६७४८९९** |

५२ **समानीकरणबाट करार शिक्षक तलब**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ । पालिकाले चालु खर्च शीर्षक ६२६।२०८२।२।२३ बाट भानुदय माध्यमिक विद्यालय चुकाहाका १ शिक्षकलाई रु.१,००,०००।- आन्तरिक स्रोतबाट करारमा राखिएको शिक्षकको तलव भत्ता वापत वित्तीय समानीकरण शीर्षकबाट अनुदान निकासा दिई खर्च लेखेको विवरण प्राप्त भएको छ । पालिकाले यसप्रकारको अनुदान सहयोग विद्यार्थी चाप धेरै रहेका बिद्यालयमा आन्तरिक स्रोतको विचार गरी उपलव्ध गराउनु पर्नेमा समानीकरणबाट अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

५३ **विपन्न नागरिक सहायता**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ।नेपाल सरकारले यस्ता कार्यको लागि बजेट व्यवस्था गरेको देखिन्छ। सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट ६१ जनाको लागि रु.३४,७८,०००।- खर्च भएको देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी सहायता प्राप्त गर्ने व्यक्तिको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नुपर्दछ।

५४ **लघु उद्यम कार्यक्रम**

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुँदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरूको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरू परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरूलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष अचार बनाउने, सिलाई कटाई, जैविक मल उत्पादन लगायतका तालिम संचालन गरी रु.६,३०,६१२।- भुक्तानी गरेकोमा के कति सामान वा वस्तुहरू उत्पादन भए र सो बिक्री भए वा भएन यकिन गर्न सकिएन । सो यकिन गरी ती वस्तु तथा सामानहरू बिक्री गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ।

| भौ.नं.।मिति | कार्यक्रम | विवरण | खर्च | कैफियत |
|---|---|---|---|---|
| २९०। २०८२।३। १९ | एडभान्स अचार व्ययवसायिक तालिम | ११ जनालाई १० दिन | १००००० | तालिममा उत्पादित सामग्रीको जिन्सी दाखिला, बिक्री तथा आय आयर्जन सम्बन्धी अभिलेख नराखिएको |
| | एडभान्स सिलाई कटाई तालिम | ८ जनालाई ३० दिन | १३०५०० | |
| | एडभान्स मुडा बनाउने तालिम | ११ जनालाई १० दिन | १००००० | |
| ३१४। २०८२।३। २२ | जैविक मल उत्पादन सम्बन्धी तालिम | ३० जनालई ८ दिन | २९२६१० | |
| | | जम्मा | ६२३११० | |

५५ **बीस प्रतिशत लागत सहभागिता**

बीस प्रतिशत सहभागिताः

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **३१,०१०.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१२,७८१.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## ५६ प्रधानमन्त्री स्वरोजगार कार्यक्रम

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा नाला निर्माण, बाटो मर्मत लगायतका १३ योजना सञ्चालन गरी यस वर्ष १७१ जनालाई औसत ३९ दिनले ६५८६ दिन रोजगारी उपलव्ध गराई रु.४३,९९,११४।- श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

## ५७ नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री वितरण

कार्यालयले यस बर्ष निम्न बमोजिम १८ स्थानका नदीजन्य पदार्थको उत्खनन्, संकलन तथा बिक्रीवितरणका लागि विभिन्न व्यक्ति तथा निर्माण व्यवसायीसँग रु.९,३६,११,२५८। मा सम्झौता गरेको छ। सो सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्:

| सि.नं. | बोलपत्र नं. | बोलपत्रको विवरण | ठेक्काको विवरण | उत्खनन् परिमाण (घमि.) | दररेट प्रदेश सरकारले तोके बमोजिम | लागत आनुमन | | | | सम्झौता रकम | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मु.अ कर बाहेक | मु.अ.क. | अग्रिम आयकर | जम्मा | रकम मु.अ.क. बाहेक | मु.अ.क. | अग्रिम आयकर | जम्मा |
| १ | 03 /NCB/Rev/BT/ 2081-082 | सुनाही तल्लो खण्ड, सुनाई खोला माथिल्लो खण्ड, सुनाही माथिल्लो खण्ड र पतखाहरे नजिक | | ८७५३ | ३१८ | २७८३३५० | ३६१७०६ | ४१७३५ | ३१८५७९१ | २७९०००० | ३६२७०० | ४१८५० | ३१९४५५० |
| २ | 04 /NCB/Rev/BT/ 2081-082 | खोरंडी | | ५२८७ | ३१८ | १६८०७५० | २१८४९८ | २५२११ | १९२४४५९ | १७००००० | २२१००० | २५५०० | १९४६५०० |
| ३ | 05 /NCB/Rev/BT/ 2081-082 | सिलौटेघाट पुल माथि (खयरघारी) | | ८६७६ | ३१८ | २७५८०५० | ३५८५४७ | ४१३७१ | ३१५७९६७ | ३२०५००० | ४१६६५० | ४८०७५ | ३६६९७२५ |
| ४ | 06 /NCB/Rev/BT/ 2081-082 | पुल माथि, मझुवा र मसानमझुवा | | ५२३६ | ३१८ | १६६४५५० | २१६३९२ | २४९६८ | १९०५९१० | १६६४५६० | २१६३९३ | २४९६८ | १९०५९२१ |
| ५ | 25 /BTRM/NBC/Rev/ 2081-082 | विनयी खोला हाइवे पुल तल देखि इट्टाभट्टा सम्मको खण्ड | Section from Binayi Khola Highway Bridge Down to Ittabatta | ३३०७५ | ३१८ | १०५१३९४५ | १३६६८१३ | १५७७०९ | १२०३८४६७ | १०८८८८८८ | १४१५५५५ | १६३३३३ | १२४६७७७७ |
| ६ | 26 /BTRM/NBC/Rev/ 2081-082 | सि.जी सिमेन्ट देखी चोखाघाट सम्मको खण्ड | Section from CG Cement to Chokhaghat | २५१५५ | ३१८ | ७९९६२७१ | १०३९५१५ | ११९९४४ | ९१५५७३१ | ८०५०००० | १०४६५०० | १२०७५० | ९२१७२५० |
| ७ | 27 /BTRM/NBC/Rev/ 2081-082 | चोखाघाट देखी सिलौटेपूल सम्मको क्षेत्र १ | Zone 1 from Chokhaghat to Siloutepool | ३९७९० | ३१८ | १२६४८४४५ | १६४४२९८ | १८९७२७ | १४४८२४७० | १३२७७७७७ | १७२६१११ | १९९१६७ | १५२०३०५५ |
| ८ | 28 /BTRM/NBC/Rev/ 2081-082 | चोखाघाट देखी सिलौटेपूल सम्मको क्षेत्र २ | Zone 2 from Chokhaghat to Siloutepool | ४०८०० | ३१८ | १२९६९५०४ | १६८६०३६ | १९४५४३ | १४८५००८२ | १४३११११९ | १८६०४४४ | २१४६६७ | १६३८६२२२ |
| ९ | 29 /BTRM/NBC/Rev/ 2081-082 | सिलौटेपूल देखी पाखापानी सम्मको खण्ड १ | Section 1 from Siloutepool to Pakhapani | ११८५३ | ३१८ | ३७६७८३२ | ४८९८१८ | ५६५१७ | ४३१४१६७ | ४६००९०९ | ५९८११८ | ६९०१४ | ५२६८०४१ |
| १० | 30 /BTRM/NBC/Rev/ 2081-082 | सिलौटेपूल देखीपाखापानी सम्मको खण्ड २ | Section 2 from Siloutepool to Pakhapani | १८६७२ | ३१८ | ५९३५४५५ | ७७१६०९ | ८९०३२ | ६७९६०९६ | ७००११११ | ९१०१४४ | १०५०१७ | ८०१६२७२ |
| ११ | 34 /BTRM/NBC/Rev/ 2081-082 | खुमबारी देखि चिदिया सम्मको खण्ड | Section from Khumbari to Chidia | १९५७५ | ३१८ | ६२२२५०१ | ८०८९२५ | ९३३३८ | ७१२४७६४ | ६५५११०६ | ८५१६४४ | ९८२६७ | ७५०१०१६ |
| १२ | 36 /BTRM/NBC/Rev/ 2081-082 | सुनही खोला खण्ड | Sunhi Khola section | २०१८५ | ३१८ | ६४१६४७१ | ८३४१४१ | ९६२४७ | ७३४६८६० | ६५७७७७७ | ८५५१११ | ९८६६७ | ७५३१५५५ |
| १३ | 37 /BTRM/NBC/Rev/ 2081-082 | सिरवार खहरे खण्ड | Sirwar Khare section | ६३२१ | ३१८ | २००९३११ | २६१२१२ | ३०१४० | २३००६७१ | २०४२००० | २६५४६० | ३०६३० | २३३८०९० |
| १४ | 39 /BTRM/NBC/Rev/ 2081-082 | खोरंडी खोलाको बगर क्षेत्र | Bagar area of Khorandi river | ७५१२ | ३१८ | २३८७८११ | ३१०४१७ | ३५८१७ | २७३४०५३ | २४४०४४७ | ३१७२५८ | ३६६०७ | २७९४३१२ |
| १५ | 41 /BTRM/NBC/Rev/ 2081-082 | फुस्रे खोला | Fusre river | ६२४० | ३१८ | १९६५३८८ | २५५५०१ | २९४८१ | २२५०३७० | २०२८८८८ | २६३७५५ | ३०४३३ | २३२३०७७ |
| १६ | 47 /BTRM/NBC/Rev/ 2081-082 | सिलौटेपूल माथिको खण्ड | | १२००० | ३१८ | ३८१४५६० | ४९५८९३ | ५७२१८ | ४३६७६७१ | ३८१५५६० | ४९६०२३ | ५७२३३ | ४३६८८१६ |
| १७ | | खोला हाइवे पुल तल तथा हाइव पुल माथिको खण्ड | | २४०० | ३१८ | ७६२९९२ | ९९१७९ | ११४४४ | ८७३५३४ | ७६२९९२ | ९९१७९ | ११४४४ | ८७३५३४ |
| १८ | | माटो वडा नाम. ३ | | १४६७१ | १२४ | १८१३५८७ | २३५७६६ | २७२०४ | २०७६५५७ | १९०३२११ | १५५४१३ | १७९३२ | २०७६५५७ |
| | | | | | जम्मा | ८८१०९७११ | ११४५४२६२ | १३२१६४६ | १००८८५६१९ | ९३६११२५७ | १२०७७४५९ | १३९३५५३ | १०७०८२२६९ |

## ५८ परिमाण नियन्त्रण

ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ को दफा ७ मा उत्खनन वा संकलनको परिमाण नियन्त्रणका लागि सम्बन्धित गाउँपालिकाले उत्खनन वा संकलन गर्न तोकिएको स्थलमा स्वीकृत परिमाणभन्दा बढी उत्खनन र संकलन हुन नदिन संकलन तथा उत्खनन आदेश दिनुपूर्व प्राविधिकबाट गरिएको नाप जाँच ताथ रेखांकनका आधारमा उत्खनन वा संकलनको

क्षेत्र निर्धारण गरी लाईन लेभल समेत दिनुपर्ने, उत्खनन वा संकलन गर्ने स्वीकृति दिईएको क्षेत्रको सम्बन्धित गाउँपालिकाले नियमित अनुगमन गर्नुपर्ने, अनुगमनको क्रममा कुनै नदीमा वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लेख भए बमोजिमको उत्खननयोग्य परिमाण र क्षेत्रको उत्खनन भैसकेको पाईमा अनुगमन समितिले थप संकलन वा उत्खनन कार्य .बन्द गर्ने निर्देशन दिन सक्ने , सो निर्देशन प्राप्त भएको अवस्थामा ठेक्का अवधि बाँकी रहे पनि उत्खनन वा संकलनकर्ताले उत्खनन वा संकलन गर्ने कार्य तुरुन्त बन्द गर्नुपर्ने, गाउँपालिकाले लगाएको ठेक्का अन्तर्गत आर्थिक बर्षको अन्त्यमा नदी किनारा तथा वन क्षेत्रमा भण्डारण गरी राखिएको नदीजन्य पदार्थ जफत गरी लिलाम बिक्री गर्ने व्यवस्था सम्बन्धित गाउँपालिकाले मिलाउनु पर्ने र यस दफा बमोजिमका प्रावधानहरूलाई सम्बन्धित गाउँपालिकाले ठेक्का सम्झौता गर्दा अनिवार्य रुपमा समावेश गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले उक्त मापदण्डमा उल्लिखित प्रावधानहरूलाई प्रभावकारी तवरले कार्यान्वयन गरी उत्खनन वा संकलन गर्न तोकिएको स्थलमा स्वीकृत परिमाणभन्दा बढी उत्खनन र संकलन हुन नदिने तर्फ सचेत रहनुपर्दछ।

## ५९ उत्खनन, सङ्कलन अभिलेख

ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ को दफा ७ को उपदफा ६ मा उत्खनन, संकलन वा ढुवानीकर्ताले उत्खनन, संकलन वा ढुवानी गरेको परिमाणको दैनिक अभिलेख अनुसूची ४ क बमोजिमको र दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरिज अनुसूची ४ ख बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ। आन्तरिक आय सम्बन्धि ठेक्कामा उत्खनन भएको नदीजन्य वस्तुको परिमाण सम्बन्धी नापजाँच प्रतिवेदन, २०८२ मिति २०८२।३।३ मा पेश भएकोमा उक्त प्रतिवेदनमा सबै सम्झौताहरूमा जति परिमाणका लागि उत्खनन गर्न सम्झौता गरिएको हो हुबहु त्यति नै परिमाण उत्खनन भएको प्रतिवेदन पेश भएको छ। कार्यालयले अनुसूची ४ क र अनुसूची ४ ख बमोजिमको ढाँचामा विवरण राखेको पाईएन। जसले गर्दा ठेक्का सम्झौतामा उल्लिखित स्वीकृत उत्खनन, संकलन वा ढुवानीको परिमाण भन्दा बढी उत्खनन, संकलन वा ढुवानी भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन।

## ६० उत्खनन परिमाण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६२(क) मा पालिकाले आफनो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिटी, बालुवा एवं माटोजन्य वस्तुको बिक्री गर्न सक्ने र सो बिक्री बापत प्राप्त रकम पालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । ढुंगा , गिटी, बालुवा उत्खनन् , बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ को दफा ९(११) मा नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिले प्रत्येक बर्षको भाद्र मसान्तपछि नदीको स्थलगत अनुगमन गरी जम्मा भएको नदीजन्य पदार्थको अवस्था अनुसार वातावरणीय अध्ययन प्रतिवेदन संशोधन वा परिमार्जन गर्नुपर्ने भए सोही बमोजिम सम्बन्धित पालिकालाई लेखी पठाउन सक्ने व्यवस्था छ । उक्त मापदण्डको दफा ६(४) मा चुरे क्षेत्रमा ढुङ्गा, गिटी, बालुवाको उत्खनन गर्ने सम्बन्धमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको सहमति तथा स्वीकृत मापदण्डको आधारमा सम्बन्धित पालिकाले प्रचलित कानून तथा मापदण्ड बमोजिम ठेक्का बन्दोबस्त गर्नुपर्ने व्यवस्था छ ।

यस पालिकाबाट २०८१।८।२० मा सहमति प्राप्तिका लागि जिल्ला समन्वय समितिको कार्यालयमा र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिमा पत्र पठाईएकोमा जिल्ला समन्वय समितिको कार्यालयबाट २०८१।९।१९ मा ३४०१४९.६५ घनमिटर र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट २०८१।११।१३ मा २५६७५७ घनमिटर तोकिए बमोजिम उल्लेखित खोलाका क्षेत्रहरुबाट तोकिएको नाप र परिमाणमा तोकिएका शर्तहरु अनिवार्य रुपमा पालना गर्ने गरी उत्खननका लागि सहमति प्रदान गरेको छ । कार्यालयले नदीजन्य पदार्थ उत्खनन तथा बिक्री वितरणका लागि जिल्ला अनुगमन समितिबाट प्राप्त स्वीकृत परिमाण बमोजिम २०८१।१०।२८ मा प्रथम पटक १७ वटा प्याकेजका लागि विद्युतीय बोलपत्र आव्हान गरेकोमा उपरोक्त तालिकामा उल्लेख भए अनुसार क्रम संख्या ५ देखि क्रम संख्या १६ का लागि ठेक्का सम्झौता भएको छ । प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा ३६०४०६.७ घनमिटर उत्खनन गर्न सकिने उल्लेख भएकोमा जिल्ला अनुगमन समितिबाट ३४०१४९.६५ घनमिटर उत्खननका लागि स्वीकृति प्राप्त भएकाले सोही बमोजिम परिमाणको ठेक्का आव्हान भएको पाईयो । कार्यालयले राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट पत्र पठाएको लामो समयसम्म सहमति प्राप्त नभएकोले जिल्ला समन्वय समितिको सहमति बमोजिम ठेक्का बन्दोबस्तका लागि सुचना प्रकाशन गरेको जनाएको छ । पालिकाले सम्बन्धित निकायमा सहमतिका लागि समयमै निवेदन दिनुपर्ने र सम्बन्धित निकायले पनि आवश्यक प्रक्रिया यथासम्भव शिघ्र पुरा गरी सहमति प्रदान गरे पश्चात पालिकाले मापदण्ड बमोजिम दीगो तवरले नदीजन्य पदार्थको उत्खनन, संकलन र बिक्री वितरणको कार्य गर्नुपर्दछ । साथै प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने परामर्शदातालाई बैज्ञानिक एवं दीगो

बिकासको सिद्धान्तलाई समेत आत्मसात गरी प्रतिवेदन तयार गर्ने गरी जिम्मेवार बनाउन र

नदीजन्य पदार्थको आय ठेक्का लगाउँदा दिगो विकास र वातावरण संरक्षणको विषय प्रतिकुल नहुने गरी उक्त समितिको सिफारिस बमोजिम तोकिएको परिमाण उत्खनन् गरी पालिकाको आन्तरिक आय अभिवृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

## ६१ विभाज्य कोष

गण्डकी प्रदेश आर्थिक ऐन, को दफा मा प्राकृतिक कोषबाट संकलन गरी विभाज्य कोषमा रहेको मुल्य अभिवृद्धि कर बाहेकको रकम मध्ये साठी प्रतिशत सम्बन्धित स्थानीय तहमा राख्ने र बाँकी ४० प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले ढुंगा, गिटी, बालुवा, माटो जस्ता प्राकृतिक स्रोतको बिक्री वितरणबाट प्राप्त रकम रु.९,३६,११,२५७। को ४० प्रतिशतले हुने रु.३,७४,४४,५०२। प्रदेश संचित कोषमा दाखिला नगरी स्थानीय संचित कोषमा जम्मा गरेको छ। यस सम्बन्धमा कार्यालयले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६२(क३ ) बमोजिम दहतर बहतर तथा नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त आम्दानी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भए अनुसार स्थानीय संचित कोषमा दाखिला गरेको जनाएको छ। संघीय तथा प्रदेश आर्थिक ऐनबिच देखिएको विरोधाभाषका सम्बन्धमा स्पष्टता कायम हुनुपर्दछ।

## ६२ सामाजिक सुरक्षातर्फ

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ। पालिकालाई सामाजिक सुरक्षा तथा संरक्षणतर्फको कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.१५,२८,५४,३७२।९९ प्राप्त भएकोमा सोही रकम खर्च जनाई आर्थिक विवरण पेश भएको छ।यस सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार छन्:

६२.१ **निष्कृय खाताको विवरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३(५) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरू मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै सामाजिक सुरक्षा तथा पञ्चीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले इफटीको मार्फत सम्बन्धित लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरणको लागि प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिकमा निकासा दिएकोमा निकासा बराबर नै खर्च लेखेको पाईयो। पालिकाले गत आ.व. मा निष्कृय रहेको एकमुष्ट विवरण सम्बन्धित बैंकबाट प्राप्त गरेको छैन।कार्यविधि बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैंकहरूले निष्कृय खाताको विवरण तोकिएको समयावधिमा तयार गरी पालिकालाई उपलब्ध गराउने र पालिकाले पनि समयमा नै विवरण प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्दछ।

६२.२ **लगत कट्टाको विवरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा नं ११ मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ। पालिकाले लेखापरीक्षणको क्रममा लाभग्राहीको लगत कट्टा गरेको विवरण पेश गरेतापनि कार्यविधिमा उल्लेख भएको प्रकृया पुरा गरी लगत कट्टा हुनुपर्नेमा सो प्रकृया पुरा गरेको देखिएन। साथै धेरै लाभग्राहीको लगतकट्टा एकै मितिमा भएको सम्बन्धमा आश्वस्त हुन सकिएन। लगत कट्टा समयमै अद्यावधिक गरी मूल अभिलेखमा समेत जनाउने व्यवस्थाको पालना हुनुपर्दछ।

६२.३ **सार्वजनिक सुनुवाईः** पालिकाले सामाजिक सुरक्षा भत्ता कार्यविधि, २०७७ को परिच्छेद ७ मा भत्ता वितरणमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्न कार्यपालिकामा त्रैमासिक समिक्षा, लाभग्राहीको विवरण सार्वजनिक र सार्वजनिक सुनुवाई गरी एकिन गर्नुपर्नेमा गरेको छैन। साथै हटाउनु पर्ने लाभग्राहीको विवरण वडा कार्यालय, वडा अध्यक्ष र सदस्य, नागरिक समाज लगायतले सत्य तथ्य बुझि लगत कट्टा गर्नुपर्नेमा गरेको पाईएन। साथै व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र गर्न जनतालाई प्रोत्साहित गरी सामाजिक सुरक्षा भत्ता थप हुन सक्ने अवस्था एकिन गरी पालिकाले समयमै छानविन गरी लगत कट्टा गरी रकम फिर्ता गर्नुपर्दछ। लाभग्राही लगत अद्यावधिक गरी सोही आधारमा निकासा व्यवस्थापन गर्नु पर्दछ।

६२.४ **बढी निकासाः**

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **३,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **२,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **४,७७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५,५४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६,४५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५,२९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **४,३८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बिनयी त्रिवेणी गाउँपालिका, नवलपुर , विनयी त्रिवेणी गाउँपालिका , नवलपरासी बर्दघाट सुस्ता पूर्व

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बोध राज बस्याल | २०७९-५-१५ | २०८१-६-१ |
| कार्यालय प्रमुख | सुमन पण्डित | २०८१-६-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विष्णु प्रसाद पौडेल | २०८१-१-१४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८०,७४२.४ | ५,७३५,८८८ | ० | ० | ० | २,५२६,६२२ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ८,३४३,२५२.४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,६०७,३६४.४ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५,७३५,८८८ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ५०७२३९७७.८९ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४२३७२९०८५.८६ | चालु खर्च | ४००६१८५०९.२२ |
| प्रदेश सरकारबाट अनुदान | २१६१३८५६ | पूँजीगत खर्च | २३२८९२२३४.५ |
| राजश्व बाँडफाँट | ११६९६०५८१.८२ | वित्तीय/अन्य व्यवस्था | २०२१४२३९९.९५ |
| आन्तरिक आय | १४४७४०१४०.१२ | | |
| अन्य आय | १८२८९७५६३.९३ | | |
| कुल आय | ८८९९४१२२७.७३ | कुल खर्च | ८३५६५३१४३.६७ |
| बाँकी मौज्दात | | १०५०१२०६१.९५ | |

## अनुसूची - २

## बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १२,८३,५६,४४९.९८ | ०.०० | १२,८३,५६,४४९.९८ | ११,४९,१६,३६०.४३ | ०.०० | ११,४९,१६,३६०.४३ |
| १३००० | अनुदान | | ४१,८७,६४,८८१.६४ | ०.०० | ४१,८७,६४,८८१.६४ | ४१,५०,७०,०९९.३९ | ०.०० | ४१,५०,७०,०९९.३९ |
| १४००० | अन्य राजस्व | | १३,७०,१२,९९४.५५ | ०.०० | १३,७०,१२,९९४.५५ | ८,५९,७४,२८०.२१ | ०.०० | ८,५९,७४,२८०.२१ |
| १५००० | विविध प्राप्ति | | २,२८,९८३.२९ | ०.०० | २,२८,९८३.२९ | १,४२,१८५.०० | ०.०० | १,४२,१८५.०० |
| क | कुल जम्मा प्राप्ति | | ६८,४३,६३,३०९.४६ | | ६८,४३,६३,३०९.४६ | ६१,६१,०२,९२५.०३ | | ६१,६१,०२,९२५.०३ |
| ३ | चालु | | ४०,०६,१८,५०९.२२ | ०.०० | ४०,०६,१८,५०९.२२ | ३९,५०,८०,९३८.८१ | ०.०० | ३९,५०,८०,९३८.८१ |
| २१००० | पारिश्रमिक / सुविधा | | २३,९९,३८,३१३.३४ | ०.०० | २३,९९,३८,३१३.३४ | २५,९५,६९,५५०.९४ | ०.०० | २५,९५,६९,५५०.९४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ७,४८,२३,७५५.८८ | ०.०० | ७,४८,२३,७५५.८८ | ७,७६,३४,७२१.८७ | ०.०० | ७,७६,३४,७२१.८७ |
| २५००० | सहायता (Subsidy) | | ६,८१,५२,५८३.०० | ०.०० | ६,८१,५२,५८३.०० | ४,६६,२५,९५३.०० | ०.०० | ४,६६,२५,९५३.०० |
| २६००० | अनुदान | | ३२,६२,८६९.०० | ०.०० | ३२,६२,८६९.०० | १२,००,०००.०० | ०.०० | १२,००,०००.०० |
| २७००० | सामाजिक सुरक्षा | | १,२७,८२,१९६.०० | ०.०० | १,२७,८२,१९६.०० | ९५,८७,१५८.०० | ०.०० | ९५,८७,१५८.०० |
| २८००० | अन्य खर्च | | १६,५८,७९२.०० | ०.०० | १६,५८,७९२.०० | ४,६३,५५५.०० | ०.०० | ४,६३,५५५.०० |
| ४ | पूंजीगत | | २३,२८,९२,२३४.५० | ०.०० | २३,२८,९२,२३४.५० | २३,३६,०४,३७८.०० | ०.०० | २३,३६,०४,३७८.०० |
| ३१११० | भवन तथा संरचना | | १०,५१,३५६.०० | ०.०० | १०,५१,३५६.०० | १,४२,७१,१४३.०० | ०.०० | १,४२,७१,१४३.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ७०,३७,८४०.०० | ०.०० | ७०,३७,८४०.०० | १,०७,५०,०१४.०० | ०.०० | १,०७,५०,०१४.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ५७,९४,७०७.०० | ०.०० | ५७,९४,७०७.०० | १०,७४,०३६.०० | ०.०० | १०,७४,०३६.०० |
| ३११४० | सुरक्षा उपकरण | | ०.०० | ०.०० | ०.०० | १,४२,८३४.०० | ०.०० | १,४२,८३४.०० |
| ३११५० | सार्वजनिक निर्माण | | २१,८१,५२,७३४.५० | ०.०० | २१,८१,५२,७३४.५० | २०,७०,७६,६२६.०० | ०.०० | २०,७०,७६,६२६.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | १,६१,७९८.०० | ०.०० | १,६१,७९८.०० | २,८९,७२५.०० | ०.०० | २,८९,७२५.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ६,९३,७९९.०० | ०.०० | ६,९३,७९९.०० | ०.०० | ०.०० | ०.०० |
| ५ | वित्तीय | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ६३,३५,१०,७४३.७२ | | ६३,३५,१०,७४३.७२ | ६२,८६,८५,३१६.८१ | | ६२,८६,८५,३१६.८१ |
| ग) | बचत /कमी (ग = क-ख ) | | ५,०८,५२,५६५.७४ | | ५,०८,५२,५६५.७४ | (१,२५,८२,३९१.७८) | | (१,२५,८२,३९१.७८) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | (५०,९७,७०५.४४) | | (५०,९७,७०५.४४) | १,५८,०७,८०२.९२ | | १,५८,०७,८०२.९२ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | ४,६४७.०० | | ४,६४७.०० | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | ४,५७,५४,८६०.३० | | ४,५७,५४,८६०.३० | ३२,२५,४११.१४ | | ३२,२५,४११.१४ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ५,८९,११,८४८.६५ | | ५,८९,११,८४८.६५ | ५,५६,८६,४३७.५१ | | ५,५६,८६,४३७.५१ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | १०,४६,६६,७०८.९५ | | १०,४६,६६,७०८.९५ | ५,८९,११,८४८.६५ | | ५,८९,११,८४८.६५ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।